# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
## केन्द्रीय कार्यालय

## प्रतिनिधि सभा निर्वाचन २०८२
## दैनिक निर्वाचन अनुगमन प्रतिवेदन

मिति : ०८२ फागुन २० गते

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । निर्वाचन आयोगले बुधवार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले देशभरका सबै मतदान केन्द्रहरूमा आवश्यक निर्वाचन सामग्रीहरू पुगिसकेको जानकारी दिनुभएको छ ।

उहाँले २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनपछि सिर्जना भएको विशिष्ट परिस्थितिमा घोषणा भएको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन आयोग पूर्ण रूपमा क्रियाशील रहेको स्पष्ट पार्नु भयो । भण्डारीकाअनुसार फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म देशभर मतदान हुनेछ । यसका लागि आवश्यक पर्ने मतपत्र, मतपेटिका लगायतका सम्पूर्ण सामग्रीहरू सम्बन्धित मतदान केन्द्रहरूमा सुरक्षित रूपमा पुऱ्याइसकिएको छ । मतदान केन्द्रहरूको निर्माण तथा व्यवस्थापन कार्य सम्पन्न भइसकेको जानकारी दिँदै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले मतदान स्थलहरूलाई लैंगिक तथा अपाङ्गमैत्री बनाइएको र सबै मतदाताको सहज पहुँच सुनिश्चित गरिएको उहाँले बताउनु भयो ।

मतदाताले निर्वाध रूपमा आफूलाई मन परेको उम्मेदवार र राजनीतिक दललाई मतदान गर्न पाउने गरी शान्ति सुरक्षाको अत्यन्तै भरपर्दो प्रवन्ध मिलाइएको आयोगले जनाएको छ । भण्डारीले निर्वाचनलाई केवल प्रतिनिधि छान्ने वा सरकार गठन गर्ने प्राविधिक प्रक्रियाका रूपमा मात्र नबुझ्न आग्रह गरे । निर्वाचनमार्फत नागरिकले कानून निर्माण र राज्य सञ्चालनको प्रक्रियामा प्रत्यक्ष रूपमा आफूलाई संलग्न गराउने अवसर पाउने कुरामा उनले बताए । यस प्रक्रियाको पूर्णताले नीति, नेतृत्व र शासनको अभिव्यक्ति हुनुका साथै समावेशी तथा उत्तरदायी राज्य निर्माणमा नागरिकको प्रत्यक्ष योगदान पुग्ने भन्दै आयोगले सम्पूर्ण मतदाताहरूलाई यस ऐतिहासिक लोकतान्त्रिक अभ्यासमा उत्साहपूर्वक सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न हार्दिक अपिल गरेको छ ।

सरकारले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न देशभरका मतदान स्थलहरूलाई सुरक्षा संवेदनशीलताका आधारमा वर्गीकरण गरी एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याएको छ। निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतका अनुसार गृह

मन्त्रालयको समन्वयमा तयार पारिएको यस योजनाले सुरक्षा व्यवस्थालाई थप कडा र प्रभावकारी बनाउने लक्ष्य राखेको छ।

देशभरका कुल १० हजार ९ सय ६७ मतदान स्थलहरूलाई सुरक्षा चुनौतीका आधारमा तीन तहमा विभाजन गरिएको छ। विगतका निर्वाचनहरूको विश्लेषण र वर्तमान स्थितिको मूल्याङ्कन गर्दै ३ हजार ६ सय ८० वटा स्थललाई 'अति संवेदनशील' को सूचीमा राखिएको छ। त्यसैगरी, ४ हजार ४ सय ४२ वटा मतदान स्थल 'संवेदनशील' र २ हजार ८ सय ४५ वटा स्थल 'सामान्य' श्रेणीमा रहेका छन्। सचिव राउतले यो वर्गीकरण विशुद्ध रूपमा सुरक्षाकर्मी परिचालनलाई व्यवस्थित बनाउन र आवश्यक सुरक्षा प्रबन्ध मिलाउनका लागि मात्र गरिएको स्पष्ट पारेका छन्।

निर्वाचनको सुरक्षाका लागि यसपटक पनि तीन घेराको सुरक्षा संयन्त्र परिचालन गरिने भएको छ। योजनाअनुसार मतदान स्थलको सबैभन्दा भित्री अर्थात् 'कोर' घेरामा नेपाल प्रहरी खटिनेछन्। बीचको दोस्रो घेराको जिम्मा सशस्त्र प्रहरी बललाई दिइएको छ भने सबैभन्दा बाहिरी घेरामा नेपाली सेनाले सुरक्षा पहरा दिनेछ।

राष्ट्रिय सुरक्षा परिषद्ले प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष, भयरहित, शान्तिपूर्ण र त्रुटिरहित ढङ्गबाट सम्पन्न गर्न कुनै किसिमको अभाव हुन नदिने निर्णय गरेको छ।

परिषद्का अध्यक्ष एवं प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा फागुन २० गते सिंहदरबारमा भएको बैठकले निर्वाचन सुरक्षा व्यवस्थाको समीक्षा गर्दै निर्वाचनका लागि आवश्यक पर्ने सम्पूर्ण सुरक्षा व्यवस्था भएको निष्कर्ष निकालेको हो।

बैठकले मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सम्बन्धित सुरक्षा निकायलाई थप प्रभावकारी र समन्वयात्मक रूपमा परिचालन गर्ने निर्णय गरेको रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले जानकारी दिनु भयो ।

राष्ट्रिय सुरक्षाका विविध चुनौती तथा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्नसक्ने प्रभावका साथै भावी रणनीतिबारे छलफल भएको थियो । बैठकमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, परराष्ट्रमन्त्री बालानन्द शर्मा, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी, मुख्यसचिव सुमनराज अर्याल र प्रधानसेनापति अशोकराज सिग्देल सहभागी हुनुहुन्थ्यो ।

इन्सेकका पर्यवेक्षकहरूका अनुसार देशैभर मतदान पूर्वको तयारीका कार्य सम्पन्न भएका छन् । इन्सेक प्रतिनिधि तथा पर्यवेक्षकहरूले प्रेषित गर्नुभएको निर्वाचनसँग सम्बन्धित गतिविधि यसप्रकार रहेको छ ।

# कोशी प्रदेश

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कोशी प्रदेशमा ३४ हजार ९ सय ३५ अस्थायी मतदाता निर्धारण गरिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र २८ ओटा रहेको प्रदेशमा ३५ लाख ७४ हजार ३ सय १० जना मतदाता मध्ये ३४ हजार ९ सय ३५ अस्थायी मतदाता रहेका छन् ।

**ताप्लेजुङ**

**इन्सेक प्रतिनिधि एलिना दियाली** सहितको निर्वाचन पर्यवेक्षक टोलीले जिल्लामा निर्वाचन पूर्वको अवस्थामा बारेमा फागुन २० गते अनुगमन गरेको छ । मतदानस्थल निर्माणका क्रममा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी, ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्र निर्माण भए वा नभएको विषयमा अनुगमन गरेको छ अनुसार जिल्लामा १ हजार ६ सय ८३ जना अस्थायी मतदाता तोकिएका छन् । जिल्ला कारागार कार्यालय र किरातेँश्वर मन्दिर परिसरमा अस्थायी मतदाताका लागि मतदानस्थल तोकिएको छ । कूल ९० हजार ३ सय २७ जना मतदाता रहेको जिल्लामा महिला मतदाता ४२ हजार ४२ जना र पुरूष मतदाता ४८ हजार २ सय ८५ जना छन् । प्रतिनिधिसभाको एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा ८० ओटा मतदानस्थल र १ सय २७ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये २८ ओटा मतदानस्थल अति सम्वेदनशील, २५ ओटा मतदानस्थल सम्वेदनशील र २७ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ ।

**सङ्खुवासभा**

**इन्सेक प्रतिनिधि भविन कार्की** सहितको निर्वाचन पर्यवेक्षक टोलीले जिल्लामा निर्वाचन पूर्वको अवस्थामा बारेमा फागुन २० गते अनुगमन गरेको छ । मतदानस्थल निर्माणका क्रममा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी, ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्र निर्माण भए वा नभएको विषयमा अनुगमन गरेको छ । जिल्लामा २ हजार ४ सय ३४ जना अस्थायी मतदाता तोकिएका छन् । जिल्ला कारागार कार्यालय खाँदवारीमा अस्थायी मतदाताका लागि मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय ९ ओटा मतदानस्थल र १ सय ६४ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये आठ ओटा मतदानस्थल अति सम्वेदनशील, ८२ ओटा मतदानस्थल सम्वेदनशील र १९ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल १ लाख १९ हजार ६ सय ३० मतदाता रहेको जिल्लामा महिला मतदाता ५७ हजार ४ सय ५८ जना र पुरूष मतदाता ६२ हजार १ सय ७२ जना छन् । जिल्लामा अन्य मतदाता छैनन् ।

**सोलुखुम्बु**

**इन्सेक प्रतिनिधि अञ्जु कार्की**का अनुसार जिल्लामा १ हजार ३ सय २ जना अस्थायी मतदाता छन् । अस्थायी मतदाताका लागि जिल्ला कारागार कार्यालयमा मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय २३ ओटा मतदानस्थल र १ सय ३८ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये ११ ओटा मतदानस्थल अति सम्वेदनशील, ३३ ओटा मतदानस्थल सम्वेदनशील र ७९ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल ८५ हजार ५ सय १५ जना मतदाता रहेको जिल्लामा महिला मतदाता ३५ हजार ७ सय १३ र पुरूष मतदाता ३७ हजार २९ जना छन् । जिल्लामा अन्य मतदाता छैनन् ।

**ओखलढुङ्गा**

**इन्सेक प्रतिनिधि सरस्वती बानिया**का अनुसार जिल्लामा १ हजार ३ सय ७९ जना अस्थायी मतदाता छन् । अस्थायी मतदाताका लागि जिल्ला कारागार कार्यालयमा मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा ८४ ओटा मतदानस्थल र १ सय ५७ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये १२ ओटा मतदानस्थल अति सम्वेदनशील, २० ओटा मतदानस्थल सम्वेदनशील र ५२ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल १ लाख २२ हजार ७ सय १५ जना मतदाता रहेको जिल्लामा महिला मतदाता ५८ हजार ८१ र पुरूष मतदाता ६४ हजार ६ सय ३४ जना छन् । जिल्लामा अन्य मतदाता छैनन् ।

**खोटाङ**

**इन्सेक स्रोत व्यक्ति कोपिलादेवी बाँस्तोला**का अनुसार जिल्लामा १ हजार २ सय ८७ जना अस्थायी मतदाता छन् । अस्थायी मतदाताका लागि जिल्ला कारागार र जिल्ला समन्वय समितिमा मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय ३६ ओटा मतदानस्थल र १ सय ९५ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये २१ ओटा मतदानस्थल अति सम्वेदनशील, ६४ ओटा मतदानस्थल सम्वेदनशील र ५१ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल १ लाख ४७ हजार १ सय २० जना मतदाता रहेको जिल्लामा महिला मतदाता ६९ हजार ४ सय ६४ जना र पुरूष मतदाता ७७ हजार ६ सय ५६ जना छन् । जिल्लामा अन्य मतदाता छैनन् ।

**तेह्रथुम**

**इन्सेक प्रतिनिधि सुरेश खत्री**का अनुसार जिल्लामा जिल्लामा १ हजार ४ सय ५८ जना अस्थायी मतदाता छन् । अस्थायी मतदाताका लागि जिल्ला कारागारमा अस्थायी मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा ५६ ओटा मतदानस्थल र ९३ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये २३ ओटा मतदानस्थल सम्वेदनशील र ५१ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल ७३ हजार १ सय ३७ जना मतदाता रहेको जिल्लामा

महिला मतदाता ३५ हजार ५ सय १० जना र महिला मतदाता ३७ हजार ६ सय २७ जना छन् । जिल्लामा अन्य मतदाता छैनन् ।

**भोजपुर**

**इन्सेक स्रोत व्यक्ति गणेश विष्ट**का अनुसार जिल्लामा २ हजार ३ सय १२ जना अस्थायी मतदाता छन् । अस्थायी मतदाताका लागि जिल्ला कारागार कार्यालयमा क र ख गरी दुई ओटा अस्थायी मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा ८७ ओटा मतदानस्थल र १ सय ५९ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये ३३ ओटा मतदानस्थल अति सम्वेदनशील, २० ओटा मतदानस्थल सम्वेदनशील र ३४ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल १ लाख २३ हजार ३ सय ७९ जना मतदाता रहेको जिल्लामा महिला मतदाता ५९ हजार २ सय ५३ जना पुरूष मतदाता ६४ हजार १ सय २५ जना अन्य मतदाता एक जना छन् ।

**धनकुटा**

**इन्सेक प्रतिनिधि ईश्वर थापा**का अनुसार मतदान स्थलमा सुरक्षा व्यवस्था कडा पारिएको र मतदातालाई शान्तिपूर्ण वातावरणमा मतदान गर्ने वातावरण सुनिश्चित गरिएकाले ढुक्क भएर मतदान गर्न प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले आग्रह गरेका छन् ।

जिल्लामा २ हजार ३ सय ८ जना अस्थायी मतदाता छन् । जिल्ला कारागार कार्यालय र गोकुण्डेश्वर मावि सिरान बजारमा अस्थायी मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय १९ ओटा मतदानस्थल र १ सय ६६ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये १६ ओटा मतदानस्थल अति सम्वेदनशील, ४९ ओटा मतदानस्थल सम्वेदनशील र ५५ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल १ लाख १८ हजार ४ सय २५ जना मतदाता रहेको जिल्लामा महिला मतदाता ५८ हजार ९ सय ४२ जना र पुरूष मतदाता ५९ हजार ४ सय ८३ जना छन् । जिल्लामा अन्य मतदाता छैनन् ।

**पाँचथर**

**इन्सेक प्रतिनिधि इवारा जवेगु लिम्बू**का अनुसार निर्वाचनको पूर्व सन्ध्यामा जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको छ । निर्वाचन प्रयोजनका लागि जिल्लाभर १ हजार २ सय २७ निर्वाचन प्रहरी, ४ सय ९३ नेपाल प्रहरी र ८ सय १३ नेपाली सेना खटिएका छन् । यस्तै ठाउँ ठाउँमा अस्थायी सुरक्षा पोस्ट र संयुक्त गस्ती भइरहेको छ । जिल्लाका तीन ओटा मतदान केन्द्रमा महिलामात्र कर्मचारी खटाइएको छ ।

जिल्लामा ९ सय १५ जना अस्थायी मतदाता छन् । अस्थायी मतदाताका लागि जिल्ला कारागार कार्यालयमा अस्थायी मतदान केन्द्र तोकिएको छ । एक ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय २ ओटा मतदानस्थल र १ सय ७९ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये ३४ ओटा मतदानस्थल अति सम्वेदनशील, ५८ ओटा मतदानस्थल सम्वेदनशील र १० ओटा मतदानस्थलाई

सामान्य भनि वर्गीकरण गरिएको छ । कूल १ लाख ४३ हजार ४ सय ८ जना मतदाता रहेको जिल्लामा महिला मतदाता ६६ हजार ८१ जना र पुरूष मतदाता छन् । जिल्लामा अन्य मतदाता छैनन् ।

**इलाम**

**इन्सेक प्रतिनिधि मनोज अधिकारी**का अनुसार जिल्लामा आवश्यक मतदानदान केन्द्र निर्माण सम्पन्न गरिएको छ । मौमस बदलीका कारण फागुन १९ गते निर्माण हुन नसकेका मतदान केन्द्र फागुन २० गते निर्माण गरिएको छ । जिल्लामा २ हजार ८ सय ३७ जना अस्थायी मतदाता छन् । अस्थायी मतदाताका लागि जिल्ला कारागार कार्यालय र बालमन्दिरमा अस्थायी मतदान केन्द्र तोकिएको छ । दुई ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय ५० ओटा मतदानस्थल र २ सय ९० ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये ३६ ओटा मतदानस्थल अति सम्वेदनशील, ५५ ओटा मतदानस्थल सम्वेदनशील र ५९ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल २ लाख ३१ हजार ८ सय ९ जना मतदाता रहेको जिल्लामा महिला मतदाता १ लाख १२ हजार १ सय ५८ जना, पुरूष मतदाता १ लाख १९ हजार ६ सय ४८ जना र अन्य मतदाता तीन जना छन् ।

**झापा**

**इन्सेक स्रोत व्यक्ति नरेश खाती**का अनुसार अनुसार निर्वाचनलाई लक्षित गरी दमक नगरपालिकामा अस्थायी हेलिप्याड निर्माण गरिएको छ । निर्वाचनका दिन नेपाली सेनाले हवाइगस्ती गर्ने तयारी गरेको छ । निर्वाचनको मौन अवधिमा पार्टीको झण्डासहित फागुन २० गते भोट माग्दै हिँडेका राष्ट्रिय प्रजातन्त्र पार्टीका क्षेत्रीय उपाध्यक्ष राजुजङ्ग कन्दङवालाई फागुन २० गते विहान ११ बजे गिरफ्तार गरेर अपरान्ह ४ बजे रिहा गरेको छ । इन्सेक पर्यवेक्षक नरेश खातीसहितको टोली झापा निर्वाचन क्षेत्र न १,२,३ ४ मा निर्वाचन पूर्व स्थलगत अनुगमन गरेको छ । इन्सेक पर्यवेक्षक टोलीले सुरक्षा निकाय,निर्वाचन अधिकृत, भद्रपुर नाकालगायतको अनुगमन गरेको छ । झापा निर्वाचन क्षेत्र न.५ को मतगणना सेनाको प्रत्यक्ष सुरक्षा घेरामा हुने गरी निर्माण गरिएको छ । झापा निर्वाचन क्षेत्र न.५ को मतगणना निर्वाचन सम्पन्न भएकै दिन गरी गरिने योजना बनाएको निर्वाचन अधिकृत विदुर कार्कीले बताए ।

जिल्लामा ६ हजार ३ सय ८० जना अस्थायी मतदाता छन् । जिल्ला कारागार कार्यालय, कर्मचारी मिलन केन्द्र र दमक नगरपालिका १ मा अस्थायी मतदान केन्द्र तोकिएको छ । पाँच ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा २ सय ८५ ओटा मतदानस्थल र ८ सय १५ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये ९५ ओटा मतदानस्थल अति सम्वेदनशील, १ सय ४७ ओटा मतदानस्थल सम्वेदनशील र ४३ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल ७ लाख १३ हजार ५ सय ३७ जना मतदाता रहेको जिल्लामा महिला मतदाता ३ लाख ५५ हजार १ सय १८, पुरूष मतदाता ३ लाख ५८ हजार ३ सय ४६ र अन्य मतदाता आठ जना छन् ।

**मोरङ**

**इन्सेक प्रतिनिधि विनोद सुवेदी**का अनुसार अनुसार नेकपा बहुमतका मोरङ इन्चार्ज सुन्दरहरैंचा नगरपालिका-१० का कृष्णप्रसाद चम्लागाई र मोरङ जिल्ला सचिव झापा, दमक नगरपालिका-५ का ३७ वर्षीय सुमन पौडेललाई प्रहरीले फागुन २० गते गिरफ्तार गरेको छ । मतदातामा भय सिर्जना गराउने उद्देश्यले सुन्दरहरैंचा नगरपालिका-१० स्थित पूर्व पश्चिम सडकखण्डमा हक्स बम राखेको घटनामा अनुसन्धानका लागि फागुन २० गते गिरफ्तार गरेको प्रहरीले जनाएको छ । निर्वाचनलाई लक्षित गरी कोशी अस्पतालमा आपतकालीन स्वास्थ्य सिमित गठन गरिएको छ । निर्वाचनका दिन हुनेसक्ने भवितव्यलाई दृष्टिगत गरी तत्काल उपचारको व्यवस्थापनका लागि आपतकालीन स्वास्थ्य समिति गठन गरिएको समितिका संयोजक डाक्टर यज्ञराज खरेलले बताए । मतदानको अघिल्लो दिन इन्सेक कोशी प्रदेश कार्यालयले राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय निर्वाचन अनुगमन टोली र निर्वाचन पर्यवेक्षण गर्ने संघसंस्थासँग फागुन २० गते समन्वयात्मक बैठक सम्पन्न गरेको छ । मोरङमा निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले फागुन २० गते निर्वाचनको सम्पूर्ण तयारी पुरा भएको विषयमा पत्रकार सम्मेलन गरेका छन् । निर्वाचन सुरक्षा दृष्टिकोणले सुरक्षा निकायले मोरङ निर्वाचन क्षेत्र न.५ लाई सबैभन्दा बढी सम्वेदनशील मानि सोही अनुसारको सुरक्षा रणनीति बनाएको छ । मोरङका ६ ओटै निर्वाचनको मतगणनाका लागि सीसी क्यामरासहितको गणनास्थल निर्माण गरिएको छ । इन्सेक कोशी प्रदेश कार्यालयले मतदानस्थल निर्माण भएको समेत अनुगमन गरेको छ ।



जिल्लामा ५ हजार २ सय ७९ जना अस्थायी मतदाता छन् । जिल्ला कारागार कार्यालय र आदर्श पुस्तकालयमा अस्थायी मतदान केन्द्र तोकिएको छ । ६ ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा ३ सय ६ ओटा मतदानस्थल र ८ सय ८८ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये ४७ ओटा मतदानस्थल अति सम्वेदनशील, १ सय २५ ओटा मतदानस्थल सम्वेदनशील र १ सय ३४ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल ७ लाख ८३ हजार ५० जना मतदाता रहेको जिल्लामा महिला मतदाता ३ लाख ८३ हजार ३ सय ५७ जना, पुरूष मतदाता ३ लाख ९९ हजार ६ सय ८६ जना र अन्य मतादाता सात जना छन् ।

प्रतिनिधिसभाको निर्वाचनलाई मध्यनजर गरी कोशी अस्पताल, विराटनगरमा आपतकालीन स्वास्थ्य उपचार समिति गठन गरिएको छ । कोशी अस्पतालका डाक्टर यज्ञराज खरेलको संयोजकत्वमा नौ सदस्यीय आपतकालीन स्वास्थ्य उपचार समिति गठन गरिएको हो । प्रतिनिधिसभा सदस्य निर्वाचनमा सम्भावित स्वास्थ्य चुनौतीलाई मध्यनजर गर्दै आपतकालीन समिति फागुन २० गते गठन गरिएको हो । समितिका सदयहरूमा मञ्जु यादव, डाक्टर रवि वास्ताकोटी, डाक्टर नवीन सुवेदी, डाक्टर दिवस राजभण्डारी, डाक्टर शन्नीकुमार सोनी, डाक्टर पुरनचन्द्र साह, वद्री बस्नेत र अमित झा छन् । समितिका संयोजक डाक्टर यज्ञराज खरेलले निर्वाचनको समयमा ठूलो घटना भएर धेरै मानिस घाइते भएको अवस्थामा यो समितिले आवश्यक स्वास्थ्योपचारको प्रबन्ध मिलाउने बताउनु भयो । 'ठूलो घटना भएर धेरै मानिस प्रभावित भएको अवस्थामा आवश्यक डाक्टर, औषधि, उपकरणलगायतको व्यवस्थापनको तयारीका लागि आपतकालीन स्वास्थ उपचार समिति गठन गरिएको हो' डाक्टर खरेलले भन्नु भयो । आवश्यक परेको अवस्थामा यो समितिले मोरङका अन्य अस्पतालहरूसँग समेत समन्वय गरी स्रोत साधनको परिचालन गर्नेछ ।

**सुनसरी**

**इन्सेक प्रतिनिधि जयकृष्ण यादव**का अनुसार निर्वाचनको पूर्व सन्ध्यामा इन्सेकले जिल्लाका विभिन्न मतदानस्थल र मतदान केन्द्रको अनुगमन गरेको छ ।

जिल्लामा २ हजार ३ सय १६ जना अस्थायी मतदाता छन् । क्षेत्रीय कारागार झुम्का र कृषि व्यवसाय प्रर्वदन तथा तालिम केन्द्रलाई अस्थायी मतदान केन्द्र तोकिएको छ । चार ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय ६७ ओटा मतदानस्थल र ६ सय २४ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये ५९ ओटा मतदानस्थल अति सम्वेदनशील, ६५ ओटा मतदानस्थल सम्वेदनशील र ४३ ओटा मतदानस्थलाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल ५ लाख ८० हजार ९ सय ४५ जना मतदाता रहेको जिल्लामा महिला मतदाता २ लाख ८६ हजार ६ सय ९१ जना, पुरूष मतदाता २ लाख ९४ हजार २ सय ५२ जना र अन्य मतदाता दुई जना छन् ।

**उदयपुर**

**प्रतिनिधि राकेश नेपाली**का अनुसार जिल्लामा ३ हजार ४५ जना अस्थायी मतदाता छन् । जिल्ला कारागार कार्यालय र कर्मचारी मिलन केन्द्रलाई अस्थायी मतदान केन्द्र तोकिएको छ । दुई ओटा निर्वाचन क्षेत्र रहेको जिल्लामा १ सय ३ ओटा मतदानस्थल र २ सय ७५ ओटा मतदान केन्द्र तोकिएको छ । जसमध्ये २१ ओटा मतदानस्थल अति सम्वेदनशील, ५३ ओटा मतदानस्थल सम्वेदनशील र २९ ओटा मतदानस्थललाई सामान्य भनि वर्गीकरण गरिएको छ । कूल २ लाख ३० हजार ५ सय ७३ जना मतदाता रहेको जिल्लामा महिला मतदाता १ लाख १३ हजार ५ सय २८ जना, पुरूष मतदाता १ लाख १७ हजार ४३ जना र अन्य दुई जना मतदाता छन् ।

## मधेश प्रदेश

**सप्तरी**

**इन्सेक प्रतिनिधि नविन यादव**का अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा इन्सेकले जिल्लाका चार ओटा निर्वाचन क्षेत्रमा अनुगमन गरेको छ। अनुगमनमा इन्सेक मधेस प्रदेशका संयोजक राजु पसवान, जिल्ला प्रतिनिधि नविन यादव तथा अजय परियारलगायतको टोली सहभागी रहेको थियो। अनुगमनका क्रममा विभिन्न मतदान केन्द्रमा खटिएका मतदान अधिकृतदेखि सहायक अधिकृतसम्मले असन्तुष्टि व्यक्त गरेका छन्। खटाइएका कर्मचारीलाई पेस्की स्वरूप कुनै भत्ता उपलब्ध नगराइएको भन्दै असन्तोष जनाइएको हो। निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत तिलाठी कोइलाडी गाउँपालिका-८ स्थित तोपा जनता माध्यमिक विद्यालय मतदान केन्द्रका अधिकृत धिरेन्द्र यादवले कर्मचारीहरू भत्ता नपाएको गुनासो गर्नुभयो । त्यस्तै, केही मतदान केन्द्रमा खानेपानी तथा शौचालयको समस्या देखिएको छ ।




प्रतिनिधि सभा निर्वाचनको पूर्वसन्ध्यामा सप्तरी क्षेत्र नम्बर १ अन्तर्गत कञ्चनरूप नगरपालिका-९ स्थित नेपाल एमालेको पार्टी कार्यालय नजिकै रहेको फुर्वारी रिसोर्ट परिसरमा शंकास्पद स्थानमा प्रेसर कुकर बम जस्तो देखिने वस्तु फेला परेको छ। फागुन २१ गते रित ८ बजे शंकास्पद वस्तु राखिएको सूचना सुरक्षाकर्मीलाई प्राप्त भएपछि नेपाल प्रहरी र नेपाली सेनाको टोली तत्काल घटनास्थल पुगेको थियो। प्रारम्भिक जाँचमा उक्त वस्तु प्रेसर कुकरमा तार जडान गरिएको अवस्थामा भेटिएको स्रोतले जनाएको छ।

हाल नेपाली सेनाको बम डिस्पोजल टोलीले घटनास्थल सुरक्षित बनाउँदै उक्त शंकास्पद प्रेसर कुकर बम निष्क्रिय पार्ने प्रयास गरिरहेको छ। आसपासका घर तथा व्यवसायिक क्षेत्र खाली गराएर सुरक्षा घेरा कडा पारिएको छ।



निर्वाचनको पूर्वसन्ध्यामा यस्तो घटना बाहिरिएपछि स्थानीयवासीमा त्रास फैलिएको छ। सुरक्षा निकायले घटनाबारे विस्तृत अनुसन्धान थालिएको र दोषीको खोजी तीव्र बनाइएको जनाएको छ। निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सुरक्षा व्यवस्था थप कडा पारिएको बताइएको छ।

**सिरहा**

**इन्सेक प्रतिनिधि दुर्गा परियार**का अनुसार जनता समाजवादी पार्टी (जसपा) नेपाल सिरहा क्षेत्र नं. ३ का उम्मेदवार अशेश्वर यादवलाई मौनअवधिको समय नगदसहित प्रहरीले गिरफ्तार गरेको छ । डिएसपी रमेशबहादुर पालका अनुसार फागुन १९ गते राति १२:३० बजे नेपाल-भारत सीमास्थित माडरबाट सिरहा सदरमुकामतर्फ आउँदै गरेको प्र. २-०२-००१ च ०८७ नम्बरको स्कारपियो गाडीलाई शिवचोकमा चेकजाँच गर्दा ४ लाख ८७ हजार रुपैयाँ नगद बरामद भएपछि उम्मेदवार यादवसहित पाँच जनालाई प्रहरीले गिरफ्तार गरेको हो । गाडीबाट मतपत्रसमेत फेला परेको भन्दै निर्वाचन आयोगको नियमानुसार कारबाही अगाडी बढाउने डिएसपी पालले बताउनु भयो । निर्वाचनको मौन अवधिमा आचारसंहिता विपरीत रकमसहित गिरफ्तार भएका यादवलाई तीन दिनभित्र स्पष्टीकरण बुझाउन निर्वाचन अधिकृतको कार्यालय सिराहाले निर्देशन दिएको छ। सिराहाका मुख्य निर्वाचन अधिकृत श्रीप्रकाश उप्रेतीले सम्पूर्ण कागजातहरूको अध्ययन पश्चात तीन दिनभित्र स्पष्टीकरण बुझाउने समय सीमा दिइएको बताउनु भयो । बरामद रकम र

गाडीसहितका सामाग्री तत्काललाई सिज गरिएको भन्दै अहिले अनुसन्धान जारी रहेको र निर्वाचन कानुनअनुसार कारबाही हुने समेत बताउनु भयो ।





त्यसैगरी सिरहा निर्वाचन क्षेत्र नं १ स्थित लहान नगरपालिकाको सभाहलमा मतगणनाको लागि निर्माण गरिएको मतगणनास्थलको इन्सेक पर्यवेक्षक टोलीले अनुगमन गरेको छ । साथै इन्सेक लगायत सिरहाको विभिन्न संघ संस्थामा आवद्ध पर्यवेक्षकहरुबीच गोलबजारमा सहकार्यात्मक छलफल गरियो ।





**धनुषा**

**इन्सेक प्रतिनिधि सन्तोष यादव**का अनुसार मतदातालाई पैसा बाँडेको आरोपमा फागुन १९ गते धनुषा निर्वाचन क्षेत्र नम्बर ४ का स्वतन्त्र उम्मेदवार राजकिशोर महरालाई प्रहरीले गिरफ्तार गरेको छ । महरालाई करिब राति १२ बजे क्षिरेश्वरनाथ नगरपालिका-४ चन्द्रपुरमा मतदातालाई पैसा बाँडिरहेको अवस्थामा ४८ हजार ५ सय रुपियाँ नगद र डायरीसहित इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको टोलीले नियन्त्रणमा लिएको डीएसपी गणेशबहादुर बमले जानकारी दिनु भयो । थप कारबाहीका लागि महरालाई जिल्ला निर्वाचन कार्यालय धनुषामा पठाइने डीएसपी बमले बताउनु भयो ।

त्यसैगरी सरकारी गाडीको नम्बर प्लेट परिवर्तन गरी निजी बनाएर प्रयोग गरेको आरोपमा मधेश प्रदेशका पूर्वसभामुख रामचन्द्र मण्डलका ज्वाई रमेश मण्डलाई प्रहरीले ०८२ फागुन १९ गिरफ्तार गरेको छ । सशस्त्र प्रहरीको विशेष चेकजाँचका क्रममा मिथिला बिहारी नगरपालिकाको पुरन्दाहा क्षेत्रबाट मण्डलाई नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ । मण्डलसँगै नियन्त्रणमा लिएको गाडिको नम्बर बागमती-प्र-०१ ००३२ च ७८९४ लेखिएको भएपनि सो नम्बर गलत भएको प्रहरीले जानकारी दिएको छ ।

त्यसैगरी धनुषा निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार महेन्द्र यादवको पक्षमा मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोसहित नेपाली कांग्रेसका कार्यकर्ताहरूले

फागुन १९ गते बिहान मिथिला नगरपालिका-२ नक्टाझीज क्षेत्रमा घरदैलो कार्यक्रम गरेको पाइएको छ । निर्वाचन आयोग नेपालले २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि फागुन १८ गते राति १२ बजेदेखि मौन अवधि लागु गरेको छ । आयोगद्वारा जारी निर्वाचन आचारसंहिता अनुसार मौन अवधिमा उम्मेदवार, राजनीतिक दल तथा तिनका प्रतिनिधिले कुनै पनि प्रकारको प्रचारप्रसार, घरदैलो, सभा-जुलुस, मत माग्ने वा मतदातालाई प्रभाव पार्ने गतिविधि गर्न नपाउने व्यवस्थाको बेवास्ता गर्दै नगरप्रमुख महेन्द्र महतोले घरदैलो गरी मत मागी रहेको इन्सेक प्रतिनिधि संतोष कुमार यादवले बताउनु भयो ।

त्यसैगरी धनुषा निर्वाचन क्षेत्र नम्बर ४ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार राजकिशोर महतोको पक्षमा मौन अवधिकै समयमा प्रचार सामग्री प्रयोग गरिएको पाइएको छ । फागुन २० गते जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाको मण्डलटोल क्षेत्रमा रास्वपाको झण्डा तथा ब्यानर टाँसिएको देखिएको हो। २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि निर्वाचन आयोग नेपाल ले फागुन १८ गते राति १२ बजेदेखि मौन अवधि लागू गरेको छ । मौन अवधिमा उम्मेदवार, राजनीतिक दल तथा समर्थकहरूले कुनै पनि प्रकारको प्रचार-प्रसार गर्न नपाउने, झण्डा, ब्यानर, पोस्टर टाँस्न नपाउने तथा मत माग्न नपाउने व्यवस्था आचारसंहितामा उल्लेख छ।




त्यसैगरी निर्वाचन बहिष्कार अभियान सञ्चालन गरेको आरोपमा क्रान्तिकारी कम्युनिस्ट पार्टी धनुषा जिल्ला अध्यक्ष नन्दन झा (नन्दु) र नेकपा बहुमत पार्टी धनुषा जिल्ला अध्यक्ष नागेन्द्र दासलाई २०८२ फागुन २० गते जनकपुरधाम उपमहानगरपालिका -४ मुरली चोकबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ । एसपी रुगम बहादुर कुँवरका अनुसार २०८२ फागुन १९ गते मिथिला नगरपालिका-९ बडहरीस्थित पुलमाथि भएको बम विस्फोट घटनामा अनुसन्धानबाट  नागेन्द्र दासको संलग्नता देखिएकाले दुवै जनालाई गिरफ्तार गरीएको

हो । जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासतमा राखी थप अनुसन्धान भइरहेको एसपी कुँवरले बताउनुभयो ।

**महोत्तरी**

**मधेश प्रदेश कार्यालय**का अनुसार भंगहा नगरपालिका-५ ढकिया टोलस्थित  इँटाभट्टाबाट फागुन २० गते प्रहरीले मदिराजन्य पदार्थ बरामद गरेको हो । जिल्ला प्रहरी कार्याल्य महोत्तरीका डिएसपी शैलेन्द्र भट्टका अनुसार फागुन १४ गतेदेखि नै मदिरा बिक्री-वितरण तथा सेवन कार्यमा प्रतिबन्ध लगाएको हुँदा मतदानको पूर्वसन्ध्यामा ठुलो मात्रामा मदिराजन्य पदार्थ भेटिएकोले जफत गरिएको हो । इँटाभट्टामा लुकाइछिपाइ राखेको अर्ना बियर तीन कार्टुन, कर्णाली गोल्ड सात कार्टुन, ब्रिक्स वाइन तीन कार्टुन, ब्ल्याक ओके १७ बोत्तल मदिराजन्य पदार्थ बरामद गरिएको छ । बरामद गरिएको मदिराजन्य पदार्थ नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

**सर्लाही**

**इन्सेक प्रतिनिधि बुधन साह**का अनुसार सर्लाहीको हरिपुर्वा नगरपालिका-२ हरिपूर्वा टोलबाट सो वडाका पूर्व वडाअध्यक्ष ६५ वर्षीय पुरुषोत्तम यादवलाई सशस्त्र प्रहरीको स्ट्राइकिङ फौजले नगदसहित गिरफ्तार गरेको छ । सर्लाही क्षेत्र नम्बर-२ को निर्वाचन सुरक्षामा खटिएका सशस्त्रका इन्स्पेक्टर सुजन रानाभाट नेतृत्वको टोलीले उनलाई मौन अवधिमा नगद बोकेर हिँडेको पाएपछि गिरफ्तार गरेको हो । यादवको साथबाट २५ हजार नगद बरामद भएको भन्दै घटनाबारे अनुसन्धान भइरहेको डीएसपी सरोज राईले जानकारी दिनु भयो ।

इन्सेक पर्यवेक्षक मुकेश मिश्रका अनुसार जिल्ला निर्वाचन कार्यालय सर्लाहीले फागुन २१ गते हुने मतदानका लागि सम्पूर्ण तयारी पुरा गरेको जानकारी दिनुभयो ।

**रौतहट**

**इन्सेक प्रतिनिधि गौरी न्यौपाने**का अनुसार मादक पदार्थ सेवन गरी उछृङ्खल तथा अराजक गतिविधि गरेको आरोपमा ६ जनालाई २०८२ फागुन २० गतेगिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ । शान्ति-सुरक्षामा खलल पु¥याएको कारण ६ जनालाई विभिन्न स्यानबाट नियन्त्रणमा लिइएको छ । डिएसपी विष्णु प्रदीप बँस्यालका अनुसार होली पर्वको अवसर भएपनि निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दै सञ्चालनमा रहेका विदेशी नम्बर प्लेटका ४० सवारी साधनसमेत नियन्त्रणमा लिई अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । नियन्त्रणमा लिइएका व्यक्तिहरू तथा सवारी साधनमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको डिएसपी विष्णु बस्यालका बताउनु भयो ।

चन्द्रपुर नप्गरपालिका -२ उप्रेती  टोल बस्ने नेकपा एमालेका नेता ४३ बर्षिया टेकनाथ उप्रेतीलाई  ०८२ फागुन १९ गते आक्रमण  गरेको आरोपमा सोहि बडा नयाबस्ती बस्ने २५ वर्षीय विजय थिङ्गविरुद्ध फागुन २० पिडीतले इलाका प्रहरी कार्यालय  चन्द्रनिगाहपुर उजुरी दिनु

भएको छ । मध्यराती घरमा बाहिर बोलाएर थिङ्गसँग आएको समुहले एक्कासी आफू माथी आक्रमण गरेको पीडित  खरेलले बताउनुभयो ।  आरोपितहरु फरार रहेकोले खोजी कार्य भैरहेको डिएसपी  रुपा लाबुङ्गले बताउनुभयो।

**बारा**

**इन्सेक पर्यवेक्षक भोलानाथ पौडेल**का अनुसार बारा जिल्लाको विभिन्न मतदानस्थलको अनुगमन गरीएको छ ।

**पर्सा**

**इन्सेक प्रतिनिधि तुलसी भण्डारी**का अनुसार पर्सामा फागुन २१ हुने प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि सबै तयारी पूरा भएको छ । ४ वटा निर्वाचन क्षेत्र रहेको पर्साका १ सय ६७ मतदान स्थलका ४ सय ४१ मतदान केन्द्रमा निर्वाचन गराउन सबै तयारी पूरा भएको हो । निर्वाचन आयोगले तोकेको निर्धारित तालिका अनुसार फागुन २१ गते बिहान ७ बजेदेखि हुने भनिएको निर्वाचनका लागि पर्साका सबै मतदान स्थल र मतदान केन्द्रमा तयारी पूरा भएको पर्साका मुख्य निर्वाचन अधिकृत गायत्री प्रसाद रेग्मीले बताउनु भयो । मतदान केन्द्रमा समेत कर्मचारी खटाउनेदेखि मतपत्र पु¥याउने र मतदाता आउँदा सिधै मतपत्र लिएर मत खसाल्ने गरी सबै तयारी पुरा भएको मुख्य निर्वाचन अधिकृत रेग्मीको भनाइ छ । पर्साका ३ लाख ७६ हजार ५ सय १३ नागरिकको मताधिकार सुनिश्चितताका लागि ४ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय पहिले नै स्थापना गरिएको थियो ।

पर्सा २ नं क्षेत्र प्रतिनिधि सभा उम्मेदवार नेपाली कम्युनिस्ट पार्टी ४६ वर्षीय मनोज कुमार चौधरीको गाडीमा  शङ्कास्पद बस्तु भेटिएको जिल्ला प्रहरी कार्यालय पर्साले जानकारी दिएको छ ।डिसपी हरि बहादुर बस्नेतमा अनुसार उम्मेदवार चौधरीसहित गाडीका चालक २६ वर्षीय सहाब आलम अन्सारी, कारमा सवार धनुषा घर भएका ३० वर्षीय सुरज कार्की र पर्सागढीको बिरुवाटोल घर भएका ६८ वर्षीय सत्यनारायण थारुलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।पर्सागढी नगरपालिका-३ बडनियार बजारमा उम्मेदवारको गाडीमा हरपुरबाट बडनियार तर्फ जाँदै गरेको समय बा.१० च १२५० नम्बरको गाडी रोकेर सशस्त्र प्रहरीले चेकजाँच गर्दा बम बनाउन प्रयोग गरिने टेपले बेरेको टिन र तार लगायतका बस्तु भेटिएको  डिसपी बस्नेतले जानकारी दिए ।

त्यसैगरी वीरगन्ज महानगरपालिका-१६ इनर्वा क्षेत्रबाट बम बनाउने सामग्रीसहित श्रीजंग गणले तीन जानलाई गिरफ्तार गरेको छ ।फागुन १९ गते राति करिब २ बजे श्रीजंग गण वीरगन्जको नेतृत्वमा सञ्चालन गरिएको विशेष सर्चका क्रममा वीरगन्ज महानगरपालिका-१६  बस्ने कृष्ण यादव, सोही ठाउँका रोहित पटेल र अवजित यादवलाई नौ थान सुतली बम, सेतो रंगको तारसहित गिरफ्तार गरिएको श्रीजंग गणका उपसेनानी विकास मरहठ्ठाले जानकारी दिनु भयो । गिरफ्तार गरिएको सम्बन्धमा अनुसन्धान भइ रहेको डिसपी हरि बहादुर बस्नेतले बताउनु भयो ।

# बागमती प्रदेश

**काठमाडौँ**

**इन्सेक प्रतिनिधि अनमोल पन्त**का अनुसार काठमाडौँको बुढानीलकण्ठ नगरपालिका-२ चपलीस्थित भित्री सडकमा शङ्कास्पद अवस्थामा भेटिएको प्रेसर कुकरलाई नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पारेको छ । चपलीबाट माथिल्लो भंगाल जाने तथा मसला फ्याक्ट्रीबाट चुनीखेलतर्फ जाने सडक खण्डमा कागजले पोको पारेर राखिएको प्रेसर कुकरमा तार जोडिएको अवस्थामा मध्यराति फेला परेको थियो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक पवन भट्टराईका अनुसार घटनास्थलमा पुगेर सेनाको बम डिस्पोजल टोलीले जाँच गर्दा कुकरभित्र इट्टाका टुक्रा भेटिएका छन् । कुकरमा सलाईको काँटी राखी तार जोडिएको अवस्थामा छाडिएको पाइएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

काठमाडौँको नागार्जुन नगरपालिका-२ तीनघरे क्षेत्रमा फागुन २० गते बिहान रातो कपडाले बेरेके अवस्थामा फेला परेको शंकास्पद वस्तु नेपाली सेनाले निष्क्रिय पारेको छ। स्थानीयवासीले उक्त वस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए । शंकास्पद वस्तु निष्कृय पार्ने क्रममा चार लिटर क्षमताको रङ्गको बाल्टिनभित्र बालुवा, तार र प्लास्टिक सामग्री भेटिएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी, **इन्सेक पर्यवेक्षक मधुनानी महर्जन**ले कीर्तिपुर नगरपालिका वडा नम्बर ५, देउखेलस्थित मतदान केन्द्रमा अनुगमन गर्नुभएको थियो।





**इन्सेक पर्यवेक्षक लीमा पौडेल**ले वनस्थली वडा नम्बर १६ को मतदान केन्द्रमा अनुगमन गर्नुभएको थियो।






**मकवानपुर**

**इन्सेक प्रतिनिधि मनिता मैनाली**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुर जिल्लामा सम्पूर्ण तयारी पूरा भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार मतपेटिकासहित कर्मचारी र सुरक्षाकर्मीहरू सबै मतदान केन्द्रमा पुगिसकेका छन्।





हेटौंडाको भुटनदेवि माध्यमिक विद्यालयमा रहेका मतदान अधिकृत श्रीराम पुडासैनीका अनुसार मतदान केन्द्रमा क्षेत्र घोषणासम्बन्धी सूचना टाँस गरिएको छ भने सर्वदलीय बैठकसमेत सम्पन्न भइसकेको छ। यससँगै निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आवश्यक सबै पूर्वतयारी सकिएको जनाइएको छ।

जिल्लाका दुवै निर्वाचन क्षेत्रमा मतगणना स्थल पनि व्यवस्थित रूपमा तयार गरिएको छ। हेटौंडा-४ स्थित भुटनदेवि माध्यमिक विद्यालय भवनमा मतगणनाका लागि चारवटा कोठा छुट्याइएको छ। मतगणना स्थललाई तारजालीले घेराबन्दी गरी सीसीटिभी क्यामेरा जडान गरिएको छ।




प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार मतगणना स्थलमा मोबाइल फोन लैजान प्रतिबन्ध लगाइएको छ। सम्भावित अराजक गतिविधि नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडा पारिएको छ। दलका प्रतिनिधिहरूलाई तारजालीबाहिर बस्ने व्यवस्था मिलाइएको छ भने एकैपटक चार स्थानबाट मतगणना गर्न सकिने प्रबन्ध गरिएको छ।

मतदान सम्पन्न भएपछि मतपेटिका सुरक्षित रूपमा मतगणना स्थलसम्म ल्याउन सवारी साधनको व्यवस्था गरिएको छ। यद्यपि मकवानपुरका केही दुर्गम गाउँबाट मतपेटिका ल्याउन मतदान सकिएको चार घण्टासम्म समय लाग्न सक्ने जनाइएको छ।

समग्रमा, जिल्लामा शान्तिपूर्ण र व्यवस्थित निर्वाचन सम्पन्न गर्न प्रशासनले आवश्यक सबै तयारी पूरा गरेको जनाएको छ।

**नुवाकोट**

**इन्सेक पर्यवेक्षक सागर अधिकारी**ले सूर्यगढी गाउँपालिकाको वडा नम्बर २ र वडा नम्बर ३ का मतदान केन्द्रहरूको अनुगमन गर्नुभएको थियो।





**ललितपुर**

**इन्सेक प्रतिनिधि दिपकप्रसाद घिमिरे**का अनुसार प्रहरी चौकी लुभुबाट गस्तीमा खटिएको प्रहरीमाथि महालक्ष्मी नगरपालिका- ७, चाँगाथली क्षेत्रमा ०८२ फागुन १९ गते आक्रमण र ढुङ्गामुढा गरेको आरोपमा चारजनालाई प्रहरीले हवाई फायर गरी गिरफ्तार गरेको जिल्ला प्रहरी परिसर जावलाखेलका एसपी एवम् सूचना अधिकारी गौतम मिश्रले जानकारी दिनुभयो । गिरफ्तार गरिएकाहरूमा मकवानपुरगढी घर भई ललितपुर बस्ने बुद्ध तामाङ, सल्यान घर भई भक्तपुर बस्ने रमेश शाही, सोही ठेगाना भई भक्तपुर बस्ने शंकर शाही र रुकुम घर भई भक्तपुर बस्ने राजु मगर रहेका छन् । आत्मरक्षाको लागि प्रहरीले एक राउन्ड हवाई फायर गरी स्थितिलाई नियन्त्रणमा लिई थप टोली परिचालन गरिएको थियो । घाइते प्रहरी कर्मचारीको किष्ट अस्पताल, इमाडोलमा उपचार भइरहेको एसपी मिश्रले बताउनु भयो । त्यसै गरी ०८२ फागुन १७ गते ललितपुर महानगरपालिका, झम्सिखेलको द ग्रोभ रेस्टुरेन्टअगाडि डिउटीमा खटिएका प्रहरीलाई मदिराको नशामा झैझगडा गरी प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा प्रहरीले आठजनालाई गिरफ्तार जनाएको छ । आरोपितहरु विरुद्ध ललितपुर जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको र घटनाबाट घाइते भएका प्रहरी कर्मचारीको अल्का अस्पताल जावलाखेलमा उपचार भइरहेको अस्पताल प्रशासनले जानकारी दिएको छ ।

**इन्सेक पर्यवेक्षक सावित्री हुमागाईं**ले ललितपुरको ठेचोस्थित सरस्वती मा.वि. तथा गोदावरी नगरपालिका वडा नम्बर ११, ललितपुरस्थित बज्रबाराही मा.वि. मा स्थलगत अनुगमन गर्नुभएको थियो।




यसैगरी, **इन्सेक पर्यवेक्षक राजु घिमिरे**ले ललितपुरको महालक्ष्मी नगरपालिका वडा नम्बर ४ स्थित महेन्द्र मा.वि. मा अनुगमन गर्नुभएको थियो।



**दोलखा**

**इन्सेक पर्यवेक्षक कृष्ण भुजेल**का अनुसार दोलखाका सबै मतदान केन्द्रहरूमा हिजो र आज सर्वदलीय बैठक सम्पन्न भएको छ। सुरक्षा व्यवस्था कडा बनाइएको छ र अहिलेसम्म सबै स्थानमा अवस्था सामान्य रहेको छ।

**चितवन**

**इन्सेक पर्यवेक्षक सञ्जीव पौडेल**ले भरतपुर महानगरपालिका वडा नम्बर १० का दुई वटा मतदान केन्द्रमा अनुगमन गर्नुभएको थियो।




**धादिङ**

**इन्सेक प्रतिनिधि सिताराम अधिकारी** र **इन्सेक पर्यवेक्षक तुलसीजङ्ग थापा**का अनुसार फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निवार्चनका सन्दर्भमा धादिङको निवार्चन क्षेत्र नं १ मा रहेका अति संवेदनशील मतदान केन्द्रहरुको ०८२ फागुन २० गते पर्यवेक्षण गरिएको छ। इन्सेक जिल्ला प्रतिनिधि सीताराम अधिकारी, पर्यवेक्षक तुलसीजंग थापा र संचारकर्मी केशव अधिकारीको टोलीले बेनिघाटरोराङ गाउँपालिकाका मतदान स्थलहरुको मतदान पूर्व पर्यवेक्षण गरिएको छ । बुद्धि विकास आ.वि चरौंदी, चन्द्रोदय मा.वि बेनिघाट, वागेश्वरी मा.वि रिचोकटार, पिपलभञ्ज्याङ मा.वि लगायतका मतदान स्थलहरुमा पर्यवेक्षण तथा निर्वाचन पूर्व अनुगमन गर्दै केही स्थानहरुमा सुधार गर्नुपर्ने अवस्थाको सन्दर्भमा समेत छलफल गरिएको छ । उक्त टोलीले अशक्त, वृद्ध, अपांगता भएका व्यक्ति, सुत्केरी महिलालाई अग्राधिकार दिएर मतदान गराउने, उनिहरु पालो कुर्न बस्ने स्थानहरु बनाउने लगायतका विषयमा मतदान केन्द्रहरुमा व्यवस्थापन गर्न आग्रह गरेको छ । २ लाख ७५ हनार २ सय ८० मतदाता रहेको धादिङ

जिल्लामा १ सय १४ मतदान स्थालमध्ये १ सय ८ मतदान स्थल अति सम्वेदनशील रहेका छन् । धादिङ क्षेत्र नं १ मा ५३ मतदान स्थलका १५२ मतदान केन्द्र अन्तरगत १ लाख ३६ हजा। ६ सय ८६ मतादाता रहेका छन् । धादिङ क्षेत्र नं २ मा ६१ मतदान स्थलका १५८ मतदान केन्द्र अन्तरगत १ लाख ३८ हजार ५ सय ९४ मतादाता रहेका छन् । धादिङमा मौन अवधिमा रास्वपा, नेपाली काँग्रेस, नेकपा, राप्रपा, एमालेले सभा र जुलुस नगरेपनि मतदाता भेटघाट गरिरहेको पाइएको छ । रातीको समयमा पनि उम्मेदवारका कार्यकर्ता गाँउमा मोटरसाइकल लिएर हिडिरहेको अनुगमनका क्रममा पाइएको छ ।





नेपाली कम्यूनिष्ट पार्टीको तर्फबाट धादिङ क्षेत्र नं १ का उम्मेदवार राजेन्द्रप्रसाद पाण्डले ०८२ फागुन २० गते थाक्रे गाउँपालिका वडा नं १०, पोखरीडाँडामा ५०/६० जनाको भोज खुवाएको इन्सेक प्रतिनिधिले बताउनु भयो ।

**भक्तपुर**

**इन्सेक पर्यवेक्षक खिलेन्द्र लुइँटेल** र **लोकनाथ घिमिरे**ले भक्तपुर नगरपालिका वडा नम्बर ४ को मतदान केन्द्रमा अनुगमन गर्नुभएको थियो।



# गण्डकी प्रदेश

**कास्की**

**इन्सेक प्रतिनिधि सञ्जय रानाभाट**का अनुसार कास्कीमा मतदान सम्पन्न भएर निर्वाचन अधिकृत कार्यालयमा मतपेटिका आएको दुई घण्टा भित्रमा मतगणना सुरु गर्ने तयारी गरिएको छ । यसरी मतगणना सुरु भएपछि २४ घण्टामा नतिजा प्रकाशन गर्ने गरी तयारी गरिएको कास्कीमा मुख्य निर्वाचन अधिकृत हिमलाल बेलबासेले बताउनुभयो ।

बेलबासेका अनुसार प्रतिनिधि सभा निर्वाचन कास्की क्षेत्र नं. १ को पोखरा महानगरपालिका-१२ को कार्यालयमा मतगणना हुनेछ । क्षेत्र नं. २ को निर्वाचन अधिकृतको कार्यालय रहेको ठाउँमा र क्षेत्र नं. ३ को मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको ठाउँमा मतगणना हुने जानकारी दिनुभयो । मतगणना स्थललाई तारजाली लगाएर व्यवस्थित गर्ने तथा सिसिटिभी मार्फत मनिटरिङ गर्ने व्यवस्था मिलाइने उनको भनाइ छ । मुख्य निर्वाचन अधिकृत बेलबासेले मतदाता नामावलीमा नाम भएका कारागार कार्यालयमा रहेका कैदीबन्दी र निर्वाचनमा नखटिएका सरकारी कर्मचारीको लागि कास्कीमा दुईवटा अस्थायी मतदान केन्द्र रहेको समेत बताए । उनका अनुसार मतदान केन्द्रमा खटिएका मतदाता नामावलीमा नाम भएका कर्मचारीले आफू खटिएको मतदान केन्द्र मार्फत समानुपातिक तर्फ मत राख्न पाउनेछन् । अधिकांश मतदान स्थल विद्यालयमा रहेको केही मतदान स्थलमा भवन नभएको कारण सोही अनुसारको टेन्ट लगायतको व्यवस्था मिलाइएको बताइएको छ । उहाँले सबै मतदातालाई निर्धक्कका साथ मत जाहेर गर्न र मतदान केन्द्रमा खटिएका कर्मचारीलाई सहयोग गर्न आग्रह गरेका छन् ।

निर्वाचनका लागि कास्कीका तीन वटै निर्वाचन क्षेत्रमा गरी २ हजार १ सय ८४ कर्मचारी र १ हजार ९२ स्वयंसेवक परिचालन भएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो ।

कास्कीमा कुल १ सय ५३ वटा मतदान स्थल र ३ सय ६३ वटा मतदान केन्द्र छन् । निर्वाचन कार्यालयको तथ्याङ्क अनुसार कास्की क्षेत्र नम्बर १ मा १ लाख १६ हजार ८ सय ७८ मतदाता छन् । यस्तै, क्षेत्र नम्बर २ मा ८४ हजार १ सय ३४ र क्षेत्र नम्बर ३ मा १ लाख ७ हजार ५ सय ६० जना मतदाता छन् । कास्कीका १ सय ५३ मतदान स्थलमध्ये ५६ वटालाई अति संवेदनशील, ५४ वटालाई संवेदनशील र ४३ वटालाई सामान्य सूचीमा राखिएको छ । कास्कीमा १ हजार ५७ नेपाल प्रहरी र २ हजार ८ जना निर्वाचन प्रहरी खटाइने जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डीएसपी हरिबहादुर बस्नेतले बताउनुभयो साथै सुरक्षाका लागि १२ वटा मोबाइल टोली परिचालन गरिने जसमा पोखरा महानगरमा ४ र प्रत्येक गाउँपालिकामा २ वटा टोली रहनेछन् बस्नेतले जानकारी दिनुभयो ।

**गोरखा**

**इन्सेक प्रतिनिधि हरिराम उप्रेति**का अनुसार जिल्लाका सवै मतदान केन्द्रमा मतदान अधिकृत, कर्मचारी तथा सुरक्षाकर्मी पुगेका छन् । दुर्गमको चुमनुव्री क्षेत्रका कर्मचारीलाई चार दिन अघि नै खटाइएको थियो । मंगलबार सम्म सवै मतदान केन्द्रमा कर्मचारीहरु पुगीसकेको जिल्ला निर्वाचन कार्यालय गोरखाका निर्वाचन अधिकारी टेक वहादुर कोइरालाले जानकारी दिनुभयो । 'मतदान सामाग्री सहित कर्मचारी, सुरक्षाकर्मी सम्वन्धित मतदान केन्द्रमा पुगेर तयारी थालिसक्नुभएको छ,' उनले भने,'सर्वपक्षिय वैठक राख्ने, निर्वाचन केन्द्रको साँध सिमाना तोक्ने काम भइसकेको छ ।' मतदान केन्द्रको ३ सय मिटर आसपासको क्षेत्रलाई समेटेर मतदान केन्द्र स्थल घोषणा गर्नुपर्ने प्रावधान रही आएको छ ।

प्रतिनिधि सभा निर्वाचनका लागि गोरखामा २ लाख २९ हजार ५८ मतदाता छन् । गोरखामा क्षेत्र नम्वर १ मा १ लाख २० हजार ५ सय २५ तथा क्षेत्र नम्वर २ मा १ लाख ८ हजार ५ सय ३३ मतदाता रहेका छन । जिल्ला भर दुइ सय २५ मतदान स्थल र ३ सय ३१ मतदान केन्द्र कायम भएको र ति केन्द्रमा कर्मचारी, सुरक्षाकर्मी पुगीसकेको उनले बताए । निर्वाचन क्षेत्र नम्वर १ मा १ सय ३१ मतदान स्थल र १ सय ८१ मतदान केन्द्र तथा गोरखा क्षेत्र नम्वर २ मा ९४ मतदान स्थल र १ सय ५० मतदान केन्द्र रहेको छ ।

**लमजुङ**

**इन्सेक प्रतिनिधि सुमित्रा भुजेल**का अनुसार जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी र निर्वाचन सामग्री पुगिसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । जिल्लाको १ सय ९२ ओटै मतदान केन्द्रमा मतदान सामग्री पुगेको र मतदानस्थल निर्माण कार्य भइरहेको जिल्ला निर्वाचन अधिकारी यादव आचार्यले बताउनुभयो । मतदान केन्द्रमा पुगेका मतदान अधिकृतसहितका कर्मचारीले फागुन १९ गते सर्वदलीय बैठक राखेर आवश्यक सूचना टाँस गर्नेलगायतका कामसमेत सम्पन्न गरेका थिए । फागुन २० गते सबै मतदान केन्द्रहरूमा बुथहरू धमाधम निर्माण गरिँदै छ । बुथ निर्माणका लागि लाइन बनाउनेदेखि टोरी टाङ्नेसम्मको काम सम्पन्न गरिएको छ । महिला, पुरुष, अशक्तहरूका लागि छुट्टाछुट्टै बुथ बनाइएको दोर्दी गाउँपालिका-४ नौथरको चैतन्यदय मावि 'ख' मतदान केन्द्रका मतदान अधिकृत अनिले रेग्मीले बताउनुभयो ।
लमजुङमा १ सय ३० मतदान स्थलमा १ सय ९२ मतदान केन्द्रहरू रहेका छन् । यी मध्ये ३० मतदानस्थलहरू अति संवेदनशीलको सूचीमा छन् । ७७ मतदानस्थल संवेदनशील, २५ मतदानस्थल सामान्य रहेको सुरक्षा समितिको विश्लेषण छ ।

**मुस्ताङ**

**इन्सेक प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार मौन अवधिको समयमा लोमान्थाङतर्फ जाँदै गरेको कांग्रेस कार्यकर्ता सवार गाडीमा चराङ स्थित सशस्त्र प्रहरिले चेकजाच गर्दा ५ लाख भेटिएपछि मुस्ताङका राजनीतिक दलहरुले कांग्रेसका उम्मेदवारले मतदातालाई पैसा बाँड्ने काम

गरी निर्वाचन आचार संहिता उलंघन गरेको भन्दै उम्मेदवारी खारेज गर्न माग गर्दै जोमसोम बजारमा विरोध प्रदर्शन गरेका छन । मुस्ताङका सात राजनीतिक दलले मौन अवधिमा निर्वाचन आचारसंहिता उल्लङ्घन भएको आरोप लगाउँदै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता गराएका छन् । नेपाली कांग्रेसका उम्मेदवार योगेश गौचन थकालीको उम्मेदवारी खारेज गर्न माग गरिएको उजुरीमा आर्थिक चलखेलले निर्वाचन प्रभावित भएको दाबी गरिएको छ । जिल्लामा उम्मेदवारी दिएका सात दलले संयुक्त आन्दोलनको घोषणा गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् । आर्थिक चलखेलमा संलग्नलाई कारबाही नगरेसम्म निर्वाचन प्रक्रियामा सहभागी नहुने चेतावनी दलहरूले दिएका छन् । घटनापछि सर्वदलीय बैठक बोलाइएको छ । मुस्ताङमा नेकपा एमालेबाट इन्द्रधारा डाढु विष्ट, नेपाली कम्युनिस्ट पार्टीबाट ङुटुक गुरुङ, राष्ट्रिय स्वतन्त्र पार्टीबाट अधित्यचन्द्र थकाली, आम जनता पार्टीबाट अजय विक, मंगोल नेशनल अर्गनाइजेशनबाट यमबहादुर गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट कमला लालचन र उज्यालो पार्टीबाट डा. सुरेन्द्र शेरचनले हस्ताक्षर गरेको उजुरी दर्ता भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

**बागलुङ**

**इन्सेक प्रतिनिधि अमृत प्रसाद पौडेल**का अनुसार बागलुङमा कैदीबन्दीका लागि अस्थायी मतदानस्थल तयार गरिएको छ । जिल्ला कारागार बागलुङमा रहेका ५३ जना कैदीबन्दी मतदाताको लागि अस्थायी मतदानस्थल तयार गरिएको हो । कैदीबन्दीलाई पनि मतदान गर्ने अधिकार हुने हुँदा कारगारमै एउटा मतदानस्थल निर्माण गरेको जिल्ला निर्वाचन कार्यालय बागलुङका प्रमुख यज्ञराज रिजालले जानकारी दिनुभयो । कैदीबन्दीले उनीहरूसँग भएको परिचय पत्रका आधारमा मतदान नगर्न पाउने उहाँको भनाइ छ । सुरक्षा व्यवस्थालाई चुस्त बनाएर मतदान गर्ने वातावरण मिलाएका छौं ।' कारगारसहित बागलुङमा दुई वटा अस्थायी मतदान स्थल तयार गरिएको छ । १ सय ७ मतदानस्थल र २ सय ३० मतदान केन्द्र रहेको बागलुङमा थप दुई अस्थायी मतदानस्थल थप गरेर कैदीबन्दी र कर्मचारीलाई समानुपातिक भोट हाल्ने व्यवस्था मिलाइएको रिजालले बताउनुभयो साथै कैदीबन्दीलाई कारागार र कर्मचारी तथा सुरक्षाकर्मीका लागि जिल्ला समन्वय समिति मुख्य निर्वाचन अधिकृतको कार्यालयमा समेत भोट हाल्ने व्यवस्था मिलाएको र उनीहरूले समानुपातिक मत मात्रै हाल्न पाउने व्यवस्था रहेको रिजालले बताउनुभयो ।

त्यस्तै बागलुङ-२ स्थित गलकोट नगरपालिका-१० रमुवा आधारभूत विद्यालयको मतदान केन्द्रमा खटाइएका मतदान अधिकृत प्रकाश गैरेलाई जिम्मेवारीबाट हटाइएको छ । मतदान अधिकृतहरूको ह्वाट्सएप समूहमा गलत अभिव्यक्ति दिएपछि गैरेको जिम्मेवारी खोसिएको क्षेत्र नम्बर २ का निर्वाचन अधिकृत भीमप्रसाद सुवेदीले जानकारी दिनुभयो । उनको अभिव्यक्ति र गतिविधिले निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा नकारात्मक प्रभाव पर्न सक्ने देखिएपछि जिम्मेवारी खोसिएको उहाँको भनाइ छ । गैरेलाई आफ्नो जिम्मामा रहेका मतपत्र लगायत

मतदान सामग्री तुरुन्तै सुरक्षा निकायलाई बुझाउन र निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गर्न निर्देशन दिएको छ । गैरेको मतदान केन्द्रमा भुवन बहादुर कुँवरलाई मतदान अधिकृतको रूपमा खटाइएको निर्वाचन अधिकृत सुवेदीले जानकारी दिनुभयो ।

**स्याङ्जा**

**इन्सेक प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार आसन्न निर्वाचनलाई लक्षित गर्दै स्याङ्जाका दुई मतदान केन्द्र महिलाको पूर्ण नेतृत्वमा सञ्चालन हुने भएका छन् । पुतलीबजार नगरपालिका-३ काजीमान हरिटीका माध्यमिक विद्यालय र आँधीखोला गाउँपालिका-५ स्थित सरस्वती आधारभूत विद्यालय, सेतिदोभान मतदान केन्द्रमा महिलाकै नेतृत्व र महिलाकै टिम खटिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । काजीमान हरिटीका मतदान केन्द्रमा मतदान अधिकृतका रूपमा डा. सुप्रिया पौडेल नेतृत्वमा रहनुभएको छ । सहायक मतदान अधिकृत तथा कर्मचारीमा शान्तिकुमारी पराजुली, विन्दु गौतम, शोभा रेग्मी, संगम लम्साल र चुना गोदार खटिएका छन् । उक्त केन्द्रलाई महिलामैत्री अवधारणाअनुसार व्यवस्थापन गरिएको जनाइएको छ । महिला मतदातालाई सहज वातावरणमा मतदान गर्ने वातावरण तयार पारिएको अधिकृत पौडेलले जानकारी दिनुभयो । त्यसैगरी सरस्वती आधारभूत विद्यालय, सेतिदोभान मतदान केन्द्रमा पनि महिलाकै टोली परिचालन गरिएको छ । मतदान अधिकृत राजवती नेपाली नेतृत्वमा बुद्धमाया ब्लन, लक्ष्मीदेवी शर्मा, संगीता कुमाल, गीता पाण्डे र विष्णुकुमारी पोखरेलको टिम खटिएको छ ।

**म्याग्दी**

**इन्सेक प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्धारण गरिएका जिल्लाभर ८२ मतदानस्थलमा रहेका १ सय २० केन्द्रको अनुगमन तथा आवश्यक पूर्वाधार थपिएको छ । प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यको नेतृत्वमा भएको अनुगमनमा मतदान केन्द्र तथा स्थलको अनुगमन भएको प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताउनुभयो । ग्रामिण क्षेत्रका मतदानस्थलमा रहेका केन्द्रको समेत अनुगमनको क्रममा देखिएका समस्याहरु समाधान भएको छ । मतदानस्थलको भौतिक पूर्वाधार, सडक, खानेपानी, शौचालय, घेराबार, विद्युत लगायतको अवस्थाका बारेमा अनुगमन तथा निरीक्षण गरिएकोमा सबै मतदान केन्द्र सुरक्षित रहेको जिल्ला प्रशासन कार्यालय म्याग्दीले जनाएको छ । निर्वाचनलाई शान्तिपूण र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि मतदानस्थलको भौतिक पूर्वाधार र सुरक्षाका विविध पक्षमा अनुगमनसँगै स्थानीय जनप्रतिनिधि सहितका सरोकारवाला निकायसँग समेत छलफल गरिएको थियो ।

जिल्लाभर ८२ मतदानस्थल र १ सय २० मतदान केन्द्र कायम भएको छ । जिल्ला निर्वाचन सुरक्षा समितिले भौगोलिक अवस्था र सुरक्षाका हिसाबले मतदान केन्द्रलाई १५ ओटा अति संवेदनशील, ५८ ओटा संवेदनशील र आठ ओटा सामान्य मतदानस्थलका रुपमा वर्गीकरण गरिएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा ८६ हजार ३ सय ९७ मतदाता

छन् । ४२ हजार ३ सय ३२ जना पुरुष, ४४ हजार ६४ जना महिला र एक जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मतदाता छन् ।

**तनहुँ**

**इन्सेक प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार व्यास नगरपालिका-१० बोटेगाउँमा नेपाली काँग्रेसका कार्यकर्ताले मतदातालाई पैसा बाँडेको भन्दै नेपाली काँग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता बिच भनाभन भएको छ । ०८२ फागुन १९ गते राती बोटेगाउँमा नेपाली काँग्रेसका कार्यकर्ताले मतदातालाई पैसा बाँडेको भन्दै रास्वपाका कार्यकर्ताले हल्ला गरेपछि दुई पार्टीका कार्यकर्ता विच विवाद भएको थियो । नेपाली काँग्रेसका दुई जना कार्यकर्ता बोटेगाउँ जाँदै गरेको क्रममा रास्वपाका कार्यकर्ताहरुहरुसँग बाटोमा भेटभएपछि रास्वपाका कार्यकर्ताले राति पैसा बाड्न हिँडेको भन्दै हल्ला गरेपछि विवाद सुरु भएको नेपाली काँग्रेस व्यास नगरपालिका- १० का उपसभापति रमाकान्त ढुङगानाले बताउनुभयो । त्यसक्रममा दुवै पार्टीका कार्यकर्ताहरु बिच विवाद बढ्दै गएपछि राति नै घटनास्थलमा प्रहरी पुगेको थियो । प्रहरीले दुवै पक्षका कार्यकर्ताको गोजी र झोला चेकजाँच गर्दा पैसा वा मतदातालाई प्रभावित पार्ने कुनै वस्तु फेला नपरेको जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी श्रवणकुमार विकले बताउनु भयो । निर्वाचनको मौन अवधिमा यस्ता हल्ला र अफवाह फैलने हुँदा सचेत हुनुपर्ने उहाँले बताउनुभयो । मौन अवधिमा राती राती आफ्नो बाहिर नहिड्न सबैलाई सचेत गराईएको डिएसपी विकले बताउनुभयो ।

**नवलपरासी पूर्व**

**इन्सेक प्रतिनिधि दयाराम आचार्य**का अनुसार मतदानस्थल बाहिर ड्युटीमा खटिएका सुरक्षाकर्मीलाई धारिलो हतियार देखाएर त्रास फैलाउने एक युवकलाई प्रहरीले गिरफ्तार गरेको छ । कावासोति नगरपालिका- १४ स्थित बालकल्याण आधारभुत बिद्यालयको मतदान स्थल बाहिर ०८२ फागुन १९ गते कावासोति नगरपालिका- १४ का २७ वर्षीय अनिस महतोले लु ३१ प ९८०६ नम्बर को स्कुटिमा आई पटक पटक मतदान स्थलमा खटिएका तथा डिउटिमा रहेका सुरक्षाकर्मीलाइ दाउ देखाएर जिस्काउने र त्रास देखाउने गरेको भनी उक्त मतदान स्थलमा खटिएका सई प्रेम रानाले कावासोति मोबाइल ०७ लाई खबर गरे पश्चात उक्त स्थानमा मोबाइल ०७ कमान्डर भुवन चन्द्र भट्टको टोलीले बुज्न जाँदा उनी भागेको र उनलाई कावासोति नगरपालिका- १७ ढोकिबाट संयुक्त टोलिले गिरफ्तार गरी बाल कल्याण चोकमा सइ प्रेम रानाको जिम्मा लगाएको र उनको साथबाट दाउ (धारिलो हतियार) फेला परेको र स्कुटि पनि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

**मनाङ**

**इन्सेक प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार हिमाल पारिका जिल्ला मनाङ र मुस्ताङमा निर्वाचन सहज रूपमा सम्पन्न हुने देखिएको छ । ती क्षेत्रमा हिमपातका कारण केही स्थानमा मतदान केन्द्र सार्नुपर्ने भए पनि पछिल्ला समयमा मौसम न्यानो हुँदै गएकाले सम्बन्धित

मतदान केन्द्रमा मतदान हुने प्रदेश निर्वाचन कार्यालय, पोखराका प्रमुख नारायण ढकालले जानकारी दिनुभयो । साथै निर्वाचनका लागि हिमाली जिल्ला मनाङमा सम्पूर्ण तयारी पुगेको ढकालले बताउनुभयो । एउटा मात्रै प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको मनाङमा कूल ७ हजार मतदाता छन् । देशकै सबैभन्दा कम मतदाता रहेको यस जिल्लामा एक अस्थायीसहित २९ ओटा मतदान केन्द्र निर्धारण गरिएको छ । यहाँको निर्वाचन सम्पन्न गर्न १ सय ७१ जना कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

## लुम्बिनी प्रदेश

**रुपन्देही**

**इन्सेक प्रतिनिधि रीमा बि.सी.**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देही जिल्लामा आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ । मुख्य निर्वाचन अधिकृत अशोक कुमार बस्नेतले जिल्लाका पाँचओटै निर्वाचन क्षेत्रमा मतदान केन्द्र व्यवस्थापन, कर्मचारी परिचालन तथा सुरक्षा प्रबन्ध सुदृढ गरिएको जानकारी दिनुभयो ।

मुख्य निर्वाचन अधिकृत बस्नेतका अनुसार जिल्लाभर रहेका ७ सय ३६ मतदान केन्द्रमा मतदान अधिकृतसहित कर्मचारीहरू खटिइसकेका छन् । निर्वाचन सम्पन्न गराउन कुल ४ हजार ४ सय ४ जना कर्मचारी कार्यक्षेत्रमा परिचालित छन् भने २ हजार २ सय ३ जना स्वयंसेवकहरू पनि सहजीकरणका लागि खटाइएका छन् ।



निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न 'थ्री लेयर' (तीन तह) सुरक्षा घेरा कायम गरिएको बस्नेतले बताउनुभयो । आन्तरिक घेरा अन्तर्गत मतदान केन्द्रभित्र नेपाल प्रहरी, निर्वाचन प्रहरी र सशस्त्र प्रहरी बल नेपाल परिचालन गरिनेछ भने बाह्य घेरामा मतदान केन्द्र आसपास नेपाली सेना तैनाथ रहने व्यवस्था मिलाइएको छ ।

हरेक पाँच मिनेटको अन्तरालमा सेनाको गस्ती टोली परिचालन गरिने र प्रत्येक निर्वाचन क्षेत्रमा एक जना मेजरको कमान्डमा सेना खटाइएको उहाँले जानकारी दिनुभयो । निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै भारतसँग जोडिएका रुपन्देहीका मुख्य तथा सहायक नाकाहरू फागुन १८ रातिदेखि नै शिल गरिएको र गोरेटो बाटोहरूमा समेत बाक्लो सुरक्षाकर्मी परिचालन गरिएको छ ।



मतदान फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुनेछ । साँझ ५ बजेसम्म मतदान केन्द्रभित्र प्रवेश गरिसकेका मतदाताले मतदान गर्न पाउने व्यवस्था गरिएको छ ।

मतदान सम्पन्न भएपछि मतपेटिकाहरू संकलन गरिने र सर्वदलीय बैठकको निर्णयअनुसार सोही राति वा भोलिपल्ट (फागुन २२ गते) बिहान ८-९ बजेदेखि मतगणना सुरु गरिने मुख्य निर्वाचन अधिकृत बस्नेतले बताउनुभयो । प्रत्यक्षतर्फको मतपरिणाम मतगणना प्रारम्भ भएको ४८ घण्टाभित्र सार्वजनिक गर्ने लक्ष्य राखिएको छ ।

क्षेत्र नम्बर ३ मा तीन वटा कोठाबाट मतगणना गरिनेछ । सर्वदलीय बैठकको निर्णयअनुसार प्रत्यक्ष र समानुपातिक मतगणना समानान्तर रूपमा गर्ने वा अलग-अलग गर्ने भन्ने निर्णय गरिने बताइएको छ ।

मतगणना स्थलमा मतपेटिकाहरू राख्ने कोठामा सिसिटिभी जडान गरिएको छ भने २४ सै घण्टा विद्युत् अवरोध नहुने व्यवस्था गरिएको छ । सञ्चारकर्मीहरूका लागि छुट्टै मिडिया कक्षको समेत व्यवस्थापन गरिएको बस्नेतले जानकारी दिनुभयो ।

मुख्य निर्वाचन अधिकृत बस्नेतले जिल्लावासी मतदातालाई निर्धक्क भई आफ्नो मताधिकार प्रयोग गर्न आह्वान गर्नुभएको छ । स्वच्छ र निष्पक्ष निर्वाचनका लागि सम्पूर्ण प्रशासनिक तथा सुरक्षा तयारी पूरा भइसकेको उल्लेख गर्दै उहाँले इच्छाएको उम्मेदवारलाई स्वतन्त्र रूपमा मतदान गर्न आग्रह गर्नुभयो । यसपटक दुईवटा मात्र मतपत्र प्रयोग हुने भएकाले मतदान तथा मतगणना प्रक्रिया विगतको तुलनामा छिटो र सहज हुने विश्वास व्यक्त गरिएको छ ।

मतगणना सुरक्षित र व्यवस्थित बनाउन रुपन्देहीका पाँचवटै मतगणना स्थलमा १० फिट अग्लो तारजाली जडान गरिएको छ । मुख्य निर्वाचन अधिकृत अशोक कुमार बस्नेतका अनुसार सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै मतगणना स्थल वरिपरि तारजाली लगाइएको हो ।

निर्वाचन क्षेत्र नम्बर १ को मतगणना स्थल देवदह आदर्श बहुमुखी क्याम्पस, सित्तलनगरमा तोकिएको छ । क्षेत्र नम्बर २ मा बुटवल उपमहानगरपालिका-११, देवीनगरस्थित वडा कार्यालय, क्षेत्र नम्बर ३ मा भैरहवा नमुना माध्यमिक विद्यालय, क्षेत्र नम्बर ४ मा कोटहीमाई गाउँपालिका कार्यालयको सभा हल र क्षेत्र नम्बर ५ मा गैडहवा गाउँपालिका कार्यालयलाई मतगणना स्थल निर्धारण गरिएको छ ।

बस्नेतका अनुसार मतगणना स्थलमा सिसिटिभी क्यामरा जडान गरिएको छ भने विद्युत् आपूर्ति सहज बनाउन चार्ज हुने बत्तीसमेत जडान गरिएको छ । मतगणनामा खटिएका कर्मचारी र सुरक्षाकर्मीबाहेक अन्यलाई तारजालीभित्र प्रवेश निषेध गरिएको छ । उम्मेदवारका प्रतिनिधि तथा सरोकारवालाले भने बाहिरबाट अवलोकन गर्न पाउने व्यवस्था गरिएको छ ।

त्यसैगरी, राष्ट्रिय मानवअधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय र इन्सेक रुपन्देहीले फागुन २० गते रुपन्देही जिल्लाका क्षेत्र नं १ का विभिन्न मतदान केन्द्रमा निर्वाचन पूर्व अनुगमन गरेको छ ।

आयोगका प्रमुख सन्तोष आचार्यको नेतृत्वमा मानवअधिकार अधिकृत अजित कुमार ठाकुर, सागर पोखरेल, इन्सेक प्रतिनिधि रीमा बि.सी. लगायतले मतदान केन्द्रको समग्र तयारी तथा व्यवस्थापनका विषयमा अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा अधिकांश मतदान केन्द्रमा निर्वाचन आयोगको निर्देशन अनुसार काम भएको । ज्येष्ठ नागरिक, असक्त, अर्पागता भएका व्यक्तिहरु, यौनिक तथा लैगिंक अल्पसंख्यक

समुदायका व्यक्तिहरु, गर्भवती सुत्केरीहरुका लागि छुट्टै लाईनको व्यवस्था समेत गरिएको थियो ।

त्यसैगरी, निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सर्वदलिय बैठक बसी सहमतीको आधारमा मतदान प्रक्रियालाई अगाडी बढाउने गरी निर्णय भएको पाइएको छ ।

अनुगमनका क्रममा देवदह नपा ४ श्री महामाया भवानी माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा खटिएका २४ जना कर्मचारीहरु मध्ये १० जना कर्मचारीहरुको मतदाता नामावलीमा नाम नरहेकोले समानुपातिक मत दिनबाट बञ्चित भएको गुनासो आएको थियो ।

त्यस्तै देवदह नपा ११ कदमपुरमा रहेको श्री शंकर निम्न माध्यमिक विद्यालयमा पनि १२ जना कर्मचारीहरुमध्ये पाँच जनाको भोटर लिष्टमा नाम नभएकोले समानुपातिक मतदान गर्नबाट बञ्चित भएको गुनासो आएको छ ।

अधिकांश मतदान केन्द्रमा मतपत्र आईसकेको र फागुन २१ गते विहान ७ बजेदखि मतदान सुरु गर्ने गरी सबै तयारी पुरा भएको पाइएको छ ।

**नवलपरासीका (सुस्ता पश्चिम )**

**इन्सेक प्रतिनिधि नारायण पराजुली**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पश्चिम नवलपरासीका सबै मतदान बुथमा आवश्यक जनशक्ति तथा निर्वाचन सामग्री पुऱ्याइएको छ । मतदान स्थलमा मतदान केन्द्र निर्माणको काम तीव्र रुपमा भइरहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्लामा कुल १ सय २२ मतदान स्थल र २ सय ९७ मतदान केन्द्र तोकिएका छन् । जसमध्ये निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदान स्थल र १ सय ४८ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नम्बर २ मा ६० मतदान स्थल र १ सय ४९ मतदान केन्द्र रहेका छन् ।

सुरक्षाका दृष्टिले जिल्लामा १२ मतदान स्थल अति संवेदनशील सूचीमा परेका छन् । निर्वाचन क्षेत्र नम्बर १ मा ८ र क्षेत्र नम्बर २ मा ४ मतदान स्थल अति संवेदनशील रहेका छन् । त्यस्तै संवेदनशील मतदान स्थल क्षेत्र नम्बर १ मा २९ र क्षेत्र नम्बर २ मा २८ रहेका छन् । सामान्य मतदान स्थल क्षेत्र नम्बर १ मा २५ र क्षेत्र नम्बर २ मा २८ रहेका छन् ।

जिल्लाभर कुल मतदाता सङ्ख्या २ लाख ५४ हजार १५७ रहेको छ । जसमध्ये निर्वाचन क्षेत्र नम्बर १ मा १ लाख २३ हजार ८० र क्षेत्र नम्बर २ मा १ लाख ३१ हजार ७७ मतदाता रहेका छन् । कुल मतदातामध्ये १ लाख २९ हजार १ सय ८३ पुरुष, १ लाख २४ हजार ९ सय ७० महिला तथा चार जना अन्य मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा तथा व्यवस्थापनका तयारी पूरा भएको निर्वाचन कार्यालयले जनाएको छ ।

**दाङ**

**इन्सेक प्रतिनिधि जयनारायण पुन**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृत प्रकाशप्रसाद पण्डितका अनुसार मतदान केन्द्र निर्माण, मतदाता परिचयपत्र वितरण, मतदान प्रतिनिधि नियुक्तिलगायतका सबै तयारी सम्पन्न भइसकेका छन् ।

निर्वाचन तयारीसँगै जिल्लामा मतगणना स्थलको व्यवस्थापन समेत गरिएको छ । निर्वाचन क्षेत्र नम्बर १ को मतगणना लमही नगरपालिकाको भवनमा, क्षेत्र नम्बर २ को जिल्ला अदालतको भवनमा र क्षेत्र नम्बर ३ को उच्च सरकारी वकिलको कार्यालयमा गरिनेछ ।



तीन वटै निर्वाचन क्षेत्रमा दुई-दुई वटा मतगणना कक्ष तयार गरिएको छ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणाली र समानुपातिकतर्फको मतगणना छुट्टाछुट्टै कोठामा गरिने व्यवस्था मिलाइएको दाङ क्षेत्र नम्बर ३ का निर्वाचन अधिकृत चन्द्रबहादुर सिंजालीले जानकारी दिनुभयो ।

यसपटक प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना संगसँगै गरिनेछ । त्यसका लागि तारजाली र सिसी क्यामेरासहितका छुट्टाछुट्टै मतगणना स्थल तयार गरिएको कार्यालयले जनाएको छ ।

इन्सेकको निर्वाचन पर्यवेक्षण टोलीले दाङका तीनवटै निर्वाचन क्षेत्रको निर्वाचन तयारीबारे पर्यवेक्षण गरेको छ ।

फागुन १८,१९ र २० गते जिल्लाका तीनवटै निर्वाचन क्षेत्र पुगेर निवाचन अधिकृतहरूसँग भेटघाटसँगै मत गणनास्थल र विभिन्न मतदान केन्दहरूको अनुगमन तथा पर्यवेक्षण गरिएको हो । टोलीले निर्वाचनको तयारीको अवस्था, विभिन्न सरोकारवालाहरूको भूमिका, सुरक्षा चुनौति, मतदाता शिक्षा र सूचनामा सर्वसाधारणको पहुँच र संवेदनशिलताका विषयहरूका बारेमा अनुगमन गरेको हो । इन्सेक कार्यसमितिका पूर्व सदस्य एवम् सुरक्षाविज्ञ शोभाकर बुढाथोकी, इन्सेकका केन्द्रीय सूचना अधिकारी कृष्ण गौतम, मानवअधिकारकर्मी एवम् अनुगमन विज्ञ प्रकाश ज्ञवाली, पर्यवेक्षक विनोद केसी, इन्सेक जिल्ला प्रतिनिधि जयनारायण पुनसम्मिलित टोलीले दाङ क्षेत्र नं. २ अन्तर्गत घोराहीस्थित मुख्य निर्वाचन अधिकृत प्रकाशप्रसाद पण्डित, क्षेत्र नं. १ का निर्वाचन अधिकृत कृष्ण नेपाल, क्षेत्र नं. ३ का निर्वाचन अधिकृत चन्द्रबादुर सिंजालीसँग छलफल गरेको थियो ।



भेटमा निर्वाचनको तयारी, मतगणनास्थलको तयारीबारे जानकारी लिइएको थियो । त्यसैगरी जिल्लाका रक्षाचौर, हरिपौरी र रिहार, घोराहीको पद्मोदय, गैरागाउँस्थित मतदान केन्द्रहरूको स्थलगत अवलोकन गरी, मतदान अधिकृतहरू, सुरक्षा कमाण्ड प्रमुखहरू र निर्वाचनको तयारीमा संलग्न अधिकारीहरूसँग अन्तरक्रिया गरिएको थियो । समग्रमा तयारीका सम्पूर्ण कार्यहरू संयोजनकारी ढंगले सम्पन्न भएको, छोटो समय, पर्याप्त तालिम प्राप्त जनशक्ति र कतिपय व्यवस्थापकीय सामग्रीहरूको परिचालनका चुनौति रहे पनि तीनवटै निर्वाचन क्षेत्रमा स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गराउन सम्पूर्ण निर्वाचन संयन्त्र लागिपरेको मतदान अधिकृतहरूको धारणा थियो ।

**रोल्पा**

**इन्सेक प्रतिनिधि तिलक घर्तिमगर**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रोल्पामा सम्पूर्ण तयारी पूरा भएको छ । सहायक निर्वाचन अधिकृत गोकर्ण लम्सालका अनुसार जिल्लामा रहेका ८६ मतदान स्थलअन्तर्गत दुई अस्थायी र १ सय ८० स्थायी मतदान केन्द्रमा आवश्यक तयारी सम्पन्न गरिएको छ । सबै मतदान केन्द्रमा जनशक्ति, सामग्री तथा व्यवस्थापन मिलाइसकिएको उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले बिहीबार बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म निर्धक्क भएर मतदान गर्न सकिने जानकारी दिनुभयो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षा तथा प्रशासनिक तयारी पूरा भएको र मतदाताले ढुक्क भएर मतदान गर्न सक्ने वातावरण बनेको उहाँले बताउनु भयो ।

रोल्पामा १ लाख ४९ हजार ५ सय ९७ मतदाताले मतदान गर्नेछन् । जसमध्ये ७४ हजार ९ सय ७ महिला र ७४ हजार ६ सय ९० पुरुष मतदाता रहेका छन् । जिल्लामा १० स्थानीय तह र ७२ वडा रहेका छन् । यस निर्वाचनमा रोल्पाबाट १० राजनीतिक दलका उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् ।

**पाल्पा**

**इन्सेक प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिनाका** अनुसार, फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पाल्पामा मतदानको सम्पूर्ण तयारी पूरा भएको छ । मुख्य निर्वाचन अधिकृत हरि प्रसाद शर्मा उपाध्याय पंगेनीका अनुसार जिल्लाका सबै मतदान स्थल र मतदान केन्द्रहरू तयारी अवस्थामा रहेका छन् । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आवश्यक व्यवस्थापन मिलाइसकिएको उहाँले बताउनुभयो ।

दुई निर्वाचन क्षेत्र रहेको पाल्पामा मतगणनाको तयारीसमेत पूरा गरिएको छ । निर्वाचन क्षेत्र नम्बर १ को मतगणना रामपुर नगरपालिकामा र क्षेत्र नम्बर २ को मतगणना तानसेनस्थित बालमन्दिरमा गरिने व्यवस्था गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुँवरका अनुसार मतगणना स्थलमा सिसिटिभी क्यामेरासहित सुरक्षा व्यवस्था मिलाइएको छ । मतदाताले निर्धक्क भई मतदान गर्न सक्ने वातावरण तयार पारिएको उहाँले जानकारी दिनुभयो।

### गुल्मी

**इन्सेक प्रतिनिधी टोपलाल अर्यालका** अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गुल्मीमा सम्पूर्ण तयारी पूरा भएको छ । जिल्लाभर सबै स्थानमा मतदान स्थल निर्माणको काम सम्पन्न भएको सम्बन्धित निकायले जनाएको छ ।




जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले मतदातालाई स्वच्छ र भयरहित वातावरणमा मतदान गर्न सक्ने अवस्था निर्माण गर्न सुरक्षा व्यवस्थापन सुदृढ गरिएको जानकारी दिनुभयो ।



उहाँका अनुसार एकीकृत सुरक्षा योजनामार्फत मौन अवधिको अनुगमनसमेत भइरहेको छ । सम्भावित प्रतिकूल मौसम अवस्थालाई ध्यानमा राख्दै आवश्यक सतर्कता अपनाइएको गैह्रले बताउनुभयो । निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न प्रशासन तथा सुरक्षानिकाय पूर्ण तयारी अवस्थामा रहेको जनाइएको छ ।

**अर्घाखाँची**

**इन्सेक प्रतिनिधि कूल बहादुर नेपाली**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गराउन जिल्लाका सबै मतदान केन्द्रमा आवश्यक सम्पूर्ण तयारी पूरा भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचन अधिकारी बुद्ध प्रकाश पौडेलका अनुसार मतदानलाई स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान बुथ निर्माण, सर्वपक्षीय बैठक, आवश्यक नीति-नियमबारे छलफल तथा सहमति, मतदान प्रतिनिधि चयनलगायतका सबै काम सम्पन्न भइसकेका छन् ।



निर्वाचन प्रक्रियालाई व्यवस्थित र सुरक्षित बनाउन प्रशासन तथा सुरक्षानिकाय तयारी अवस्थामा रहेका छन् । निर्वाचन मौन अवधिमा आचारसंहिता लागु रहेको र हालसम्म उल्लङ्घनका घटना नभएको कार्यालयले जनाएको छ । जिल्ला निर्वाचन कार्यालयले मतदातालाई निर्धक्क भई मतदानमा सहभागी हुन आग्रह गरेको छ ।

**बाँके**

**लुम्बिनी प्रदेश कार्यालय**का अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा इन्सेकका कार्यसमिति सदस्य अधिवक्ता विकास आचार्य, पर्यवेक्षक वरिष्ठ अधिवक्ता सुनिल कुमार श्रेष्ठ

तथा लुम्बिनी प्रदेश संयोजक भोला महतको टोलीले बाँके निर्वाचन क्षेत्र नम्बर १ र २ मा तयारीको स्थलगत अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा टोलीले निर्वाचन क्षेत्र नम्बर १ को निर्वाचन अधिकृतको कार्यालय तथा अगैयास्थित मतगणना स्थलको निरीक्षण गर्दै कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकहरूसँग छलफल गरेको थियो । निर्वाचन अधिकृत सरोजनिधी वाग्लेले शान्ति-सुरक्षा कडा पारिएको, निर्वाचन सामग्री तोकिएका स्थानमा पुऱ्याइसकिएको तथा सबै आवश्यक व्यवस्थापन पूरा भएको जानकारी दिनुभयो ।




निर्वाचन क्षेत्र नम्बर १ मा १ लाख २४ हजार ७ सय मतदाता रहेका छन् । उक्त क्षेत्रमा ४८ मतदान स्थल र १सय ४१ मतदान केन्द्र तोकिएका छन् । मतदान सामग्री ढुवानीका क्रममा एउटा मतपेटिका चर्किएको पाइएपछि फिर्ता गरी नयाँ मतपेटिका पठाइएको निर्वाचन अधिकृतले जानकारी दिनुभयो । यसपटक अघिल्लो निर्वाचनमा प्रयोग गरिएका मतपेटिका समेत प्रयोगमा ल्याइएको जनाइएको छ ।




बाँकेका सबै निर्वाचन क्षेत्रमा सुरक्षा गस्ती कडा बनाइएको छ । हालसम्म जिल्लामा कुनै अप्रिय घटना नभएको सम्बन्धित निकायले जनाएको छ ।

**प्युठान**

**इन्सेक प्रतिनिधि रविन्द्र पाण्डेका** अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा सम्पूर्ण तयारी पूरा भएको मुख्य निर्वाचन अधिकारी हिरण्यप्रसाद भण्डारीले जानकारी दिनुभएको छ । मुख्य निर्वाचन अधिकारी भण्डारीका अनुसार जिल्लाभर रहेका १ सय ५८ मतदान स्थल र २ सय ३० मतदान केन्द्रमा मतदानको सबै तयारी सम्पन्न गरिएको छ । मतदान केन्द्रहरूमा राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक बसेर आवश्यक समन्वय तथा प्रक्रिया पूरा गरिएको उहाँले बताउनुभयो । जिल्लाका सबै मतदान स्थल तथा केन्द्रमा नेपाल प्रहरी, निर्वाचन प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना परिचालन गरिएको छ ।

जिल्ला प्रहरी प्रमुख डीएसपी नरहरि अधिकारीका अनुसार मतदाताले ढुक्कसँग मतदान गर्न सक्ने वातावरण निर्माण गरिएको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षा व्यवस्था कडा पारिएको उहाँले जानकारी दिनुभयो ।

## कर्णाली प्रदेश

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कर्णालीका सबै मतदान केन्द्रमा निर्वाचन सामग्रीसहित कर्मचारी पुगेका छन् । कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका सूचना अधिकारी नन्दराम चौलागाईंका अनुसार १० जिल्लाका ९ सय ४१ मतदानस्थल र १ हजार १ सय ३७ मतदान केन्द्रमा नेपाली सेनासहित सबै तहका सुरक्षाकर्मी र कर्मचारी निर्वाचन

सामग्रीसहित मतदान केन्द्रमा पुगेका हुन् । प्रदेशका डोल्पा, हुम्ला र मुगु जिल्लामा हेलिकोप्टर र पैदलमार्फत कर्मचारी मतदान केन्द्रमा पुगिसकेको उहाँले बताउनु भयो । माथिल्लो डोल्पाका २० मतदान केन्द्रमा नेपाली सेनाको हेलिकोप्टरको सहयोगमा निर्वाचन कर्मचारीसहित सामग्री पु याइएको र तीन मतदान केन्द्रमा तीन दिनको पैदलयात्रा गरी कर्मचारीसहित निर्वाचन सामग्री पुगेको जिल्ला प्रशासन कार्यालय डोल्पाका प्रमुख जिल्ला अधिकारी जुनु हमालले जानकारी दिए । उहाँका अनुसार यहाँ कारागारमा रहेका कैदी र कर्मचारीका लागि दुई अस्थायीसहित ७० मतदान केन्द्र रहेका छन् । यस्तै, जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीले एक अस्थायीसहित जिल्लाका ७० वटै मतदान केन्द्रमा सुरक्षाकर्मी तथा निर्वाचन कर्मचारीसहित सामग्री पुगेको बताए । यसैगरी, जिल्ला प्रशासन कार्यालय हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले चार वटा मतदान केन्द्रमा निर्वाचन कर्मचारी र सामग्री हेलिकप्टरमार्फत पु¥याइएको बताए । उनका अनुसार हुम्लामा ६० मतदानस्थल तथा एक अस्थायीसहित ६५ मतदान केन्द्र रहेका छन् ।

५ लाख २७ हजार ८ सय ८६ पुरुष र ५ लाख ९ हजार ३६१ महिला गरी कर्णाली प्रदेशमा १० लाख ३७ हजार मतदाता रहेका छन् । प्रदेशमा सबैभन्दा बढी मतदाता सुर्खेतमा २ लाख ४८ हजार ९ सय ४३ छन् भने सबैभन्दा कम डोल्पामा २४ हजार १ सय १५ मतदाता रहेका छन् ।

## सुर्खेत

**इन्सेक कर्णाली प्रदेश कार्यालय**का अनुसार सुर्खेत जिल्लामा इन्सेक, नियोग र एफडब्लुएलडिका पर्यवेक्षकहरुको संयुक्त टोलीले २०८२ फागुन २० गते वीरेन्द्रनगर नपाका १, ५, ७, ८ वडाका सात ओटा मतदान केन्द्रको पर्यवेक्षण गरिएको इन्सेकका प्रदेश संयोजक नारायण सुवेदीले जानकारी दिनु भएको छ । पर्यवेक्षणका क्रममा मतदान केन्द्रमा फागुन २० गते मतदान प्रतिनिधि नियुक्ती, मतदान केन्द्रको निर्माण अन्तिम चरणमा पुगेको र केही मतादान केन्द्रमा स्वयसेवक नियुक्ती दिने कार्य भएको पर्यवेक्षणका क्रममा पाइएको संयोजक सुवेदीले बताउनु भयो ।

वीरेन्द्रनगर नपा- ५ चिसापानीस्थित श्री नेपाल राष्टिय माध्यमिक विद्यालय चिसापानीमा मतदाता अनुसार मतदान केन्द्रको स्थान सानो भएको मतदान अधिकृत गोविन्द प्रसाद पाण्डेयले गुनासो गुर्न भयो । उक्त मतदान केन्द्रमा ३ हजार ८ सय ९० मतदाता रहेका छन भने चार ओटा मतदान केन्द्र रहेको मतदान अधिकृत पाण्डेले जानकारी दिनु भयो ।

यसैगरी वीरेन्द्रनगर नपा- ८ स्थित श्री सिद्ध बहिरा बालक माध्यमिक विद्यालयको मतदान केन्द्र आवसीय भएको कारण उक्त मतदान केन्द्र असहज भएको मतदान अधिकृत मीराकुमारी गौतमले जानकारी दिनु भएको छ । उक्त आवसीय विद्यालयमा करिब १ सय ५० जना बहिरा बालक बस्दै आएका छन ।

वीरेन्द्रनगर नपा- ७ स्थित नेपाल प्रहरी स्कूल नमुना मतदान केन्द्र बनाइएको पाइयो । उक्त मतदान केन्द्रका सबै कर्मचारी महिला रहेका छन । १२ जना महिला मात्र रहेको उक्त मतदान केन्द्रमा १ हजार १ सय ३२ जना मतदाता रहेका छन । उक्त मतदान केन्द्रको धेरै काम दिउँसै सकिएको पाइयो ।

इन्सेक लगायतका पर्यवेक्षक संस्थाले सुर्खेतका श्री कृष्ण संस्कृत मावि, नेपाल प्रहरी स्कूल, भैरव मावि भैरवस्थान, स्वास्थ्य चौकी हिलेखाली, दिपमाला आधारभूत विद्यालय बांगेसिमल, श्री नेपाल राष्टिय मावि चिसापानी र श्री सिद्ध बहिरा बालक मावि खजुरामा रहेका मतदान केन्द्रको पर्यवेक्षण गरेका थिए ।

पर्यवेक्षणका क्रममा महिला पुरुषको अलग अलग लाइन बनाइएको, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, गर्भवतीलाई लाइन लाग्न नपर्ने, गोप्य मतदान स्थानको व्यवस्था गरिएको, मतदान केन्द्रको सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन भएको, मतदाताको लाइन लाग्ने व्यवस्था, दलका प्रतिनिधि र कर्मचारी बस्ने स्थान बनाइएको पाइयो । मतदान केन्द्र नजिक नेपाली सेनाले गस्ती गरेको पाइयो ।




त्यस्तै सुर्खेत जिल्लाको बराहताल गाउँपालिका, पञ्चपुरी नगरपालिका र चौकुने गाउँपालिकाका मतदान केन्द्रमा निर्वाचनका सम्पूर्ण तयारी पुरा भएको अनुगमनका क्रममा पाइयो ।

पञ्चपुरी नगरपालिका-९ विद्यापुरमा फागुन १९ गते बसेको सर्वदलीय बैठकमा पूर्व वडा अध्यक्ष एवंम एमालेका प्रतिनिधि शान्ति खरालले मतदान सम्पन्न पश्चात सुरक्षाकर्मीको जिम्मामा मात्रै मतपेटिका नछोड्ने अडान लिए । उनले मतपेटिकासँग पार्टीका प्रतिनिधिहरुलाई समेत लिनुपर्ने माग उनको छ ।




फागुन २१ गते भोलि हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा अतिसंवेदनशील तोकिएका मतदान स्थलहरुमा नेपाली सेनाले हवाई गस्ती गर्ने भएको छ । फागुन २० गतेदेखि उत्तर पश्चिम पृतना हेडक्वाटर मातहतका ६ जिल्लामा हवाई गस्ती सुरु गरेको छ । भोलि हुने निर्वाचनलाई लक्षित गर्दै अतिसंवेनदशील क्षेत्र तोकिएका जिल्लाहरुमा हवाई गस्तीबाट अनुगमन तथा निर्वाचन स्थल अवोलोकन गर्ने उत्तरपश्चिम पृतना हेडक्वाटरका पृतना पति दीपेशजंग शाहले बताए । उनले कालिकोट, जाजरकोट, डोल्पा, सुर्खेत, बाँके र बर्दिया दुईदिन हवाई गस्ती गरिने बताए । ‘हाम्रो पृतना मातहमा रहेका जिल्लाका अतिसंवेदनशील ३ सय ५६ वटा मतनाद स्थल अति संवेदनशील रहेका छन् । आश्यवक परेको अवस्थामा हवाई साधनबाटै तैनाथ फौजहरु परिचालन गर्न सकिने भएकाले संवेदनशील एरियामा गस्ती गरिएको छ । उनले भने, ‘निर्वाचनको दिनमा आवश्यक फौजसहित हवाई गस्ती गर्ने योजना छ ।’ यस्तै कर्णाली प्रदेश प्रहरी कार्यालयले दिएको तथ्यांक अनुसार कर्णाली प्रदेशका १० जिल्लामा  ३ सय ५९ वटा मतदानस्थल अति संवेदनशील रहेका छन् भने संवेदनशील, ४ सय २२ वटा १ सय ६० वटा सामान्य रहेका छन् ।

हाल वीरेन्द्रनगर बजारमा पेट्रोलियम पदार्थको अभाव देखिएपछि नेपाल आयल निगम प्रादेशिक कार्यालय सुर्खेतले कुनै अभाव नभएको जनाएको छ । निगम प्रादेशिक कार्यालय प्रमुख दिपक प्रसाद घिमिरेले मौज्दात पर्याप्त रहेको हुनाले यसको अभाव हुने कुनै पनि सम्भावना नरहेको बताए । 'हामीले दैनिक विक्री हुने परिमाण भन्दा दोब्बर परिमाणमा पेट्रोलियम पदार्थ बजारमा आपूर्ति गरेका छौं । आजकालागि हामीले ८० हजार लिटर पेट्रोल र १ सय ६० हजार लिटर डिजेल बजारमा आपूर्ति गरिसकेका छौं,' उनले भने, ' २२ गते पनि ८० हजार लिटर पेट्रोल र १ सय ६० हजार लिटर डिजेल बजार आपूर्ति हुनेछ । पेट्रोलियम पदार्थको आपूर्ति प्रणाली नियमित र सहज रहेको व्यहोरा सम्पूर्ण उपभोक्ता महानुभावहरूमा स्पष्ट पार्न चाहन्छौँ ।'
बजारमा फैलिन सक्ने अनावश्यक भ्रम वा त्रासको पछि लागेर आवश्यकताभन्दा बढी इन्धन सञ्चय नगर्न र पेट्रोल पम्पहरूमा अनावश्यक भीड नगर्नुहुन हामी विनम्र निगमले अनुरोध गरेको छ ।

सुर्खेतको पश्चिमी भेगमा पर्ने बराहताल गाउँपालिका, पञ्चपुरी नगरपालिका र चौकुने गाउँपालिकामा नेकपा, एमाले, नेपाली काँग्रेस, रास्वपा र राप्रपाका नेता कार्यकर्ताहरुले घरदैलो अभियान गरेको इन्सेकको अनुगमनमा पाइयो ।

**हुम्ला**

**इन्सेक प्रतिनिधि नन्द सिंह**का अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२, अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोगको टोली हुम्ला आइपुगेको छ । जिल्लामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नियोग, मानव अधिकार हुरोन, गैसस महासंघ र इओसि नामक संस्थाहरूले निर्वाचन पर्यवेक्षण गर्ने अनुमति पाएका छन् । सोही अनुसार जिल्लामा राष्ट्रिय मानव अधिकार आयोगले जिल्लाका पर्यवेक्षणहरूसंग निर्वाचन अघि, निर्वाचनको दिन र निर्वाचन पछि हुने गतिविधिका विषयमा छलफल गरिएको थियो । विगतको निर्वाचन हेर्दा अधिकांश मतदान केन्द्रमा स्वतन्त्र रुपमा मतदान गर्न नपाएको, विभिन्न पार्टीहरूले बालबालिका प्रयोग गरेको, सरकारी सवारीसाधन प्रयोग गरेको र प्रत्येक मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गर्न नपाएको विषयमा समीक्षा गरिएको थियो ।

जिल्लाका हरेक मतदान केन्द्रमा पर्यवेक्षण गर्ने क्रममा पर्यवेक्षकहरूलाई सहज रुपमा पर्यवेक्षण गर्न नदिएको, भौगोलिक विकट्ताका आधारमा हुम्लामा पर्यवेक्षण गर्न असहज भएको लगायतका विषयमा आयोगका अधिकृतहरूसँग पर्यवेक्षकहरूले गुनासो दर्शाएका थिए । त्यस्तै जिल्लामा निर्वाचन हुँदा यहाँका दलित, महिला अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको मतपत्र खोसेर एकाधिकार भन्दा बाहिरका व्यक्तिहरूले मतदान गरेपछि सर्वसाधारणहरू आफ्नो मताधिकारबाट बञ्चित हुनु परेको थियो ।

**जुम्ला**

**इन्सेक प्रतिनिधि मानदत्त रावल**का अनुसार फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन सामग्री सहित निर्वाचनमा खटिएका

कर्मचारीदेखि सुरक्षाकर्मी मतदान स्थलमा पुगिसकेका छन् । जुम्लाका सबै मतदान स्थलमा सडकको पहुँच भएका कारण खटिएका कर्मचारीहरु फागुन १९ गते नै मतदान स्थलमा पुगिसकेका थिए । सबैभन्दा दुर्गम गुठिचौर गाउँपालिकाको चोत्रा, कनकासुन्दरीको सिप्टी मार्फन, काभ्रा, झ्यारी, चौथा तिला गाउँपालिकाको सुडि, घोडे, तातोपानीको ताम्ती बाह्रगाउँ लगायतका सबै मतदान स्थलमा कर्मचारीदेखि सुरक्षानिकाय पुगिसकेको सहायक निर्वाचन अधिकृत हरिकृष्ण तिमिल्सिनाले बताउनु भयो । उहाँका अनुसार जुम्लाका ८५ वटै मतदान स्थलमा सर्वदलिय बैठक सम्पन्न भएका छन् । जुम्लामा ७५ मतदान स्थल र १ सय १० वटा मतदान केन्द्र रहेका छन् । जसमा ८५ वटै मतदान स्थलमा मतदान अधिकृतहरुले सर्वदलिय तथा सर्वपक्षिय बैठक सम्पन्न गरेको जानकारी पठाएको उहाँले जानकारी दिनु भयो ।

एक जना स्वतन्त्र सहित १० जना उम्मेदवार चुनावी मैदानमा छन् । नौ राजनीतिक दलका पालिका तथा वडा कमिटीका पदाधिकारी तथा सदस्यको सहभागितामा निर्वाचनलाई शान्त, मर्यादित, भयरहित र धाँधली रहित वातावरणमा निर्वाचन गराउन सबै राजनीतिक दलले सहमति जनाएका छन् । साथै मतदान स्थलमा महिला पुरुष, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुका लागि सहज मतदानको व्यवस्थापनका लागि  लाइन व्यवस्थापनको समेत काम अधिकांश ठाउँमा भइसकेको छ ।




जुम्लामा ६ सय ५४ जना कर्मचारी निर्वाचनमा खटिएका छन् । अहिलेको चुनावमा सुरक्षा चुनौती नभएपनि मतदान केन्द्रहरुको सुरक्षा संवेदनशीलताका आधारमा सुरक्षा व्यवस्थापन मजबुद बनाईएको प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए ।

त्यसैगरी, तातोपानी गाउँपालिका -३ लिताकोटमा गाउँपालिकी उपाध्यक्ष रेवती रावलमाथि फागुन १९ गते साँझ  घरमै गएर  सामुहिक कुटपिट गरिएको उहाँका पति भक्तबहादुर रावलले बताए । उहाँका अनुसार तिलाकोट गाउँकै आइते सार्की, उनका छोरा नरी सार्की, आइते सार्कीका दुई छोरी र दुई बुहारीसमेत मिलेर सामुहिक कुटपिट गरेका हुन् । रावलका अनुसार कुटपिट गर्ने समूहले मादक पदार्थ सेवन गरेको अवस्थामा पत्नीमाथि आक्रमण गरेका थिए, जसका कारण उनी गम्भीर घाइते भएकी छन् । उपाध्यक्ष रावलको फागुन १९ गतेदेखि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा उपचार भइरहेको छ । चिकित्सकका अनुसार हाल बोल्न समस्या भइरहेको र टाउकोमा गम्भीर चोट लागेको छ ।

घटनापछि पीडित पक्षले आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय जुम्लामा फागुन १९ गते उजुरी दिएका छन् । प्रहरी कार्यालयले घटनाबारे अनुसन्धान सुरु गरेको जनाएको छ । सामान्य विवाद पनि नभएको अवस्थामा आफूमाथि आक्रमण भएको उपाध्यक्ष रावलले बताउनु भयो।

जिल्ला प्रहरी कार्यालय जुम्लाका डिएसपी रविन बाबु रेग्मीले प्रहरीमा निवेदन आएको बताए । घटनाका आरोपितहरुलाई बोलाएर छलफल गर्ने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।

राप्रपाका उम्मेदवार ज्ञानेन्द्र शाहीले फागुन १९ गते साँझ नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट उम्मेदवार बनेका नरेश भण्डारीकी भाइ बुहारी लगायतको समूहले आफ्नो घर घेराउ गरेको भन्दै सामाजिक सञ्जालमा भिडियो हाले लगत्तै उनले उक्त भिडियो पनि डिलिट गरेका छन् । उक्त विषयमा लिखित कानुनी कारबाही अगाडी बढेको छैन ।

सिंजा गाउँपालिका- ६ रुघा गाउँमा नेपाली कम्यूनिष्ट पार्टी (नेकपा) कार्यकर्ताद्वारा राप्रपा कार्यकर्ता सोही गाउँका १८ वर्षीय जयालाल बुढामाथि कुटपिट गरेका छन् । उनको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा उपचार भइरहेको छ । मौन अवधिको निर्वाचनको समयमा पैसा वितरण गरेर भोट विक्रीवितरण भइरहेको जानकारी भएपछि त्यो ठाउँमा जादा झडप भएपछि उनी घाइते भएका हुन् । घटनाका बारेमा प्रहरीमा जानकारी भएपनि उजुरी नआएको जिल्ला प्रहरी कार्यालय जुम्लाका डिएसपी रविन बाबु रेग्मीले बताउनु भयो ।

**दैलेख**

**इन्सेक प्रतिनिधि अमर सुनार**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दैलेखमा मतदान केन्द्र तयारीको काम तीव्र रूपमा अघि बढाइएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट खटिएका कर्मचारीहरूले विभिन्न मतदान स्थलमा पुगेर मतदान केन्द्र तयार पार्ने काम गरिरहेका छन् । कर्मचारीहरूले मतदानस्थल व्यवस्थापन, मतदान बुथ निर्माण, मतदानस्थलको घेराबारा तथा मतदातालाई लाइनमा राख्ने स्थानको व्यवस्था गर्ने काम गरिरहेका छन् ।



साथै स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूसँग सर्वदलीय बैठक समेत गरी निर्वाचन सम्बन्धी आवश्यक तयारी भइरहेको छ । नारायण नगरपालिका वडा नं. ६ का वडाध्यक्ष जनक न्यौपानेले काँडाचौर मतदान स्थलको अवलोकन गर्दै निर्वाचनको तयारी राम्रो ढंगले भइरहेको बताए । उनले मतदातालाई सहज वातावरणमा मतदान गर्न सकिने गरी आवश्यक व्यवस्थापन गर्न आग्रह गरे । काँडाचौर मतदान केन्द्रका मतदान अधिकृत डा. मनोज विश्वकर्माले मतदान स्थलमा बुथ निर्माण, घेराबारा तथा मतदाताको लाइन व्यवस्थापन लगायत आवश्यक तयारी भइरहेको बताए । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्न सबै तयारी पूरा भइरहेको उनको भनाइ छ । यसैगरी सोही स्थानको 'ख' मतदान केन्द्रका मतदान अधिकृत प्रमोद आचार्यले मतदान केन्द्रमा आवश्यक सामग्री व्यवस्थापन, कर्मचारी परिचालन र सुरक्षा व्यवस्थाको तयारी भइरहेको जानकारी दिए ।



मतदातालाई सहज रूपमा मतदान गर्ने वातावरण बनाउन काम भइरहेको उनले बताए । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र सुरक्षित रूपमा सम्पन्न गर्न कर्मचारीदेखि सुरक्षाकर्मी समेत परिचालन भइसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार जिल्लाभर २ सय १० जना मतदान अधिकृत र २ सय १० जना सहायक मतदान अधिकृत खटाइएको छ । जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा ७३ मतदान स्थलमा १ सय ६ मतदान केन्द्र रहेका छन् भने निर्वाचन क्षेत्र नं. २ मा ६६ मतदान स्थलमा १ सय ४ मतदान केन्द्र रहेका छन् । जिल्लामा विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवार गरी २१ जना उम्मेदवार चुनावी मैदानमा रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

**डोल्पा**

**इन्सेक प्रतिनिधि विष्णु देवकोटा**का अनुसार हिमाली जिल्ला डोल्पाको माथिल्लो क्षेत्रमा पर्ने मतदान केन्द्रमा खटिएका बिरामी कर्मचारीहरुको उद्धार गरिएको छ । जिल्लाको शे-फोक्सुण्डो गाउँपालिका-६ फोतगाउँस्थित वडा नं. ६ को कार्यालय भवनमा रहेको मतदान केन्द्रमा खटिएका पाँच जना कर्मचारी चिसो मौसम र अक्सिजनको कमीका कारण बिरामी परेका उनीहरुलाई फागुन २० गते दिउँसो नेपाली सेनाको हेलिकोप्टर मार्फत उद्धार गरिएको जिल्ला प्रशासन कार्यालय डोल्पाले जानकारी दिएको छ । प्रशासनका अनुसार निर्वाचनको लागि फोतगाउँ मतदान केन्द्रमा खटिएका जिल्ला अदालतका सहायक कर्मचारी (डिठ्ठा) गोर्ख बहादुर थापा, साल्ट ट्रेडिङ कर्पोरेसनका कार्यालय सहयोगी धनबहादुर महतरा तथा तीन निर्वाचन प्रहरी कृष्ण झाक्री, आत्मराम बोहोरा र इन्द्रमान धरलालाई हाई अल्टिच्युटका कारण ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, बान्ता हुने तथा श्वासप्रश्वासमा समस्या देखिएपछि नेपाली सेनाको हेलिकोप्टर मार्फत उद्धार गरिएको हो । उद्धार पश्चात उनीहरुलाई जिल्ला अस्पताल डोल्पामा उपचारको लागि पठाइएको समेत प्रशासनले जानकारी दिएको छ । उक्त मतदान केन्द्र जिल्ला सदरमुकाम दुनैबाट पैदल करिब ६ दिनको दूरीमा पर्ने अत्यन्त दुर्गम स्थानमा रहेकाले तत्काल स्वास्थ्य सेवा पुर्‍याउन कठिनाइ भएपछि उद्धार गर्नु पर्नेछ नेपाली सेनाले जनाएको छ । उक्त मतदान केन्द्रमा ४० मतदाता रहेका छन् । निर्वाचनको लागि उनीहरुलाई हेलिकप्टर मार्फत फोतगाउँ मतदान केन्द्रमा पठाइएको थियो।

मतदान केन्द्रमा खटाइएका कर्मचारी बिरामी परेपछि उक्त मतदान केन्द्रमा आवश्यक वैकल्पिक व्यवस्था मिलाउने तयारीसमेत गरिएको जनाइएको छ ।

**रुकुमपश्चिम**

**इन्सेक प्रतिनिधि जीवन खड्का**का अनुसार रुकुम पश्चिमका सबै मतदान केन्द्रहरुमा आज मतदान केन्द्र निर्माण कार्य भईरहेको जिल्ला निर्वाचन अधिकारी मोहनलाल केसीले बताए ।

**मुगु**

**इन्सेक प्रतिनिधि नन्दबहादुर रोकाय**का अनुसार हिमाली जिल्ला मुगुमा प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । जिल्लाको उपल्लो मतदान स्थलमा खटिएका कर्मचारी सुरक्षाकर्मी निर्वाचन सामग्रि मतदान स्थलमा आइपुगिसकेको र निर्वाचन सम्बन्धी सम्पूर्ण तयारि पूरा भएको खारि मतदान केन्द्रका मतदान अधिकृत नन्द कुमार बिष्टले बताउनुभयो ।

सबैभन्दा दुर्गम मुगुम कार्मारोङ गाउँपालिकाको मुगु, डोल्फु किम्रि लगायतका सबै मतदान स्थलमा कर्मचारीदेखि सुरक्षानिकाय पुगिसकेको सहायक निर्वाचन अधिकृत प्रेमराज खनियाले बताउनु भयो ।

## सुदूरपश्चिम प्रदेश

फागुन २१ गते हुनगइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशका नौ ओटै जिल्लामा सम्पूर्ण तयारी पूरा भएको छ । प्रदेश निर्वाचन कार्यालय, कैलालीका प्रमुख प्रेमराज भट्टले निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको र फागनु १८ गतेदेखि नै सुरक्षाकर्मी तथा कर्मचारीहरु सबै मतदानस्थलमा खटाइसकिएको बताउनु भयो ।

मतदानस्थलमा पुगेका मतदान अधिकृतको टोलीले फागनु १८ गतेदेखि नै निर्वाचनसम्बन्धी सूचना टाँस गर्ने स्थलहरुको छनौट गर्ने लगायतका कार्यहरु सूरुभइसकेको उहाँले बताउनु भयो । १६ ओटा निर्वाचन क्षेत्र रहेको यस प्रदेशक १ हजार १ सय ७६ मतदानस्थल र २ हजार १ सय ९९ मतदान केन्द्र रहेका छन् । यस प्रदेशका १६ ओटा निर्वाचन क्षेत्रमा १७ लाख १६ हजार ६ सय ६० मतदाता रहेका छन् । इन्सेकका पर्यवेक्ष तथा इन्सेक स्रोत व्यक्तिहरुले जिल्लामा निर्वाचन पूर्वको अवस्थाको अनुगमन गरी पठाउनुभएको सूचनाहरु यस प्रकार छन् ।

**बैतडी**

**इन्सेक प्रतिनिधि नरीदत्त बडु**का अनुसार एक ओटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा फागुन २१ गते हुन गइरहको प्रतिनिधिसभा निर्वाचनको पूर्व तयारी सम्पन्न भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । जिल्लाका सबै मतदानस्थलहरु मतदान सामाग्री सहित कर्मचारी खटाइ मतदानस्थल व्यवस्थापन गर्ने कार्य सम्पन्न भइसकेको र निर्वाचन पूर्व सर्वपक्षिक बैठकको आयोजना गरी निर्वाचनलाई स्वच्छ, निश्पक्ष र धाधलिरहित बनाउन सबै राजनीतिक दलले प्रतिवद्धता समेत जाहेर गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

**इन्सेक पर्यवेक्षक भागिरथ अवस्थि**का अनुसार बैतडी जिल्लामा एक जनालाई प्रहरीले नगद रकम र निर्वाचन प्रशिक्षण सामग्रीसहित ०८२ फागुन २० गते गिरफ्तार गरेको छ । दोगडाकेदार गाउँपालिका-३ खोचलेकबाट सशस्त्र प्रहरीको गस्ती टोलीले सोही ठाउँका ५२ बर्षीय भानदेव भट्टलाई गिरफ्तार गरिएको हो । उनीबाट ७९ हजार रुपियाँ नगद र निर्वाचन प्रशिक्षण सामग्री बरामद गरिएको जिल्ला प्रहरी कार्यालय, बैतडीका इन्स्पेक्टर सुरज सिंहले जानकारी दिनुभयो । निर्वाचनको मौन अवधिमा नगद रकम र नमूना मतपत्रसहित फेला परेपछि भट्टलाई सशस्त्रको टोलीले गिरफ्तार गरी प्रहरीलाई बुझाएको र हाल अनुसन्धान भइहरको इन्स्पेक्टर सिंहले बताउनु भयो । प्रारम्भिक सोधपुछका क्रममा भट्टले आफू कांग्रेसको कार्यकर्ता भएको बताएका छन् । प्रहरी निरीक्षक सिंहले भने, 'सशस्त्र प्रहरीको गस्ती टोलीले भट्टलाई नगद र निर्वाचन प्रशिक्षण सामग्रीसहित नियन्त्रणमा लिएको हो । पक्राउ परेका भट्टमाथि थप अनुसन्धान गरिरहेका छौं ।'तर, नेपाली कांग्रेस बैतडीले भने भानदेव भट्टसहितका केही व्यक्तिहरुले एमालेका कार्यकर्ताहरुसँग मिलेर मतदाताहरुलाई पैसा बाँडेको भन्ने सूचना आएकाले निगरानी गरिदिन स्थानीय प्रशासनलाई पत्र पठाएको थियो । भट्ट नेपाली कांग्रेसकै विपक्षमा लागेपछि निगरानीका लागि कांग्रेसले प्रशासनलाई पत्र पठाएको नेपाली कांग्रेस बैतडीका सहसचिव दिपेन्द्रबहादुर चन्दले बताए ।

**दार्चुला**

इन्सेक प्रतिनिधि नरेन्द्रसिह कार्कीका अनुसार यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि दार्चुलाको मतगणनाको सम्पूर्ण तयारी पूरा गरिएको छ । एक मात्रै निर्वाचन क्षेत्र रहेको दार्चुलामा मतगणनाको लागि तारजाली र सीसीटीभीसहित महेन्द्र नमुना मावि खलंगाको विद्यालयमा व्यवस्था मिलाइएको छ । मुख्य निर्वाचन अधिकृत भुवन गिरीका अनुसार मतगणनालाई व्यवस्थित र पारदर्शी बनाइएको छ । मतगणकहरूलाई जालीभित्र राखेर सीसीटीभी क्यामेराको निगरानीमा मतगणना गरिनेछ । उम्मेदवारका प्रतिनिधिहरूलाई जालीबाहिरबाट प्रत्यक्ष अवलोकन गर्ने गरी व्यवस्थापन गरिएको गिरीले जानकारी दिनुभयो ।

"मतगणना सुरक्षित, पारदर्शी र निष्पक्ष बनाउन आवश्यक सबै तयारी पूरा भइसकेको छ", मुख्य निर्वाचन अधिकृत गिरीले भन्नुभयो, मतगणनास्थलमा कार्पेट विछ्याउने तारजाली लगाउने, सीसीटिभी जडान तथा विद्युतको बैकिल्पक व्यवस्थाको रुपमा जेनेरेटर तयारी अवस्थामा राखिएको छ ।

जिल्लाभर नौ ओटा स्थानीय तहका ६१ ओटा वडा छन् । जिल्लामा कुल ९२ हजार ९ सय ४८ मतदाता रहेका छन् । जसमा ४५ हजार १ सय ९३ महिला र ४७ हजार ७ सय ५५ पुरुष मतदाता छन् । जिल्लामा ११ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

जिल्लाभरि १ सय १२ मतदान स्थल र १ सय ४३ मतदान केन्द्र छन् भने दुई ओटा अस्थायी मतदान केन्द्र तोकिएको छ । कारागारमा रहेका बन्दीका लागि कारागारमै मतदान केन्द्र तोकिएको छ । यस मतदान केन्द्रमा २३ जना मतदाता र सात जना कर्मचारी गरी ३० जना मतदाता छन् । यस्तै  समानुपातिक मतदानको लागि घरेलु तथा साना उद्योग कार्यालयमा मतदान केन्द्र तोकिएको छ । जिल्ला सुरक्षा समितिले भौगोलिक अवस्था र सुरक्षाका आधारमा २२ मतदानस्थललाई अति संवेदनशील र ४१ संवेदनशील सूचीमा राखेको छ ।




जिल्लाभरि मतदान कर्मचारी र सुरक्षाकर्मी पुगेर मतदान केन्द्र तयार पार्ने काम धमाधम भइरहेको छ । बिहान ७ बजेदेखि मतदान हुने भएपछि आजै निर्वाचनको तयारी पूरा गरिदै छ ।

प्रतिनिधिसभा निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको नौगाड गाउँपालिका-१ नागुस्थित गौरीशंकर माध्यमिक विद्यालयमा समेत मतदान केन्द्र तयारी अवस्थामा राखिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी एवं सहायक निर्वाचन अधिकृत विष्णुप्रसाद अवस्थीका अनुसार मतदान अधिकृतसहित आवश्यक कर्मचारी र सुरक्षाकर्मीको टोली नागु पुगेर निर्वाचनको तयारी गरिरहेको जानकारी दिनुभयो । निर्वाचन गराउन नागु पुग्नुभएका मतदान अधिकृत चन्द्रसिंह खातीले सर्वदलीय बैठकमा दलको प्रतिनिधि नआए पनि स्थानीयको

सहभागितामा निर्वाचनको तयारी थालिएको बताउनुभयो । बैठकमा सहभागिहरुले कोही व्यक्ति मतदान गर्न आए अवरोध नगर्ने सहमति गरेका छन् ।

निर्वाचन बहिष्कारको घोषणा गरेका कारण यस क्षेत्रमा उम्मेदवार समेत मत माग्न गएका छैनन् । नागुस्थित गौरीशंकर माध्यमिक विद्यालय मतदान केन्द्रमा ६ सय २ मतदाता रहेका छन् ।

दार्चुलाका दुई मतदान केन्द्रको नेतृत्व महिला कर्मचारीले मात्रै गरेका छन् । महिलाले नेतृत्व गर्ने मतदान केन्द्रमा सदरमुकाम खलंगास्थित महाकाली नगरपालिका-४ को महेन्द्र नमुना मावि खलंगा र व्याँस गाउँपालिका-१ को छाङ्गरु मतदान केन्द्र रहेका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद अवस्थीका अनुसार दुवै मतदान केन्द्रमा कर्मचारी सबै महिला राखिएको हो । महिलाले नेतृत्व गरेको महेन्द्र नमुना मावि खलंगामा ४ सय ४ महिला र ३ सय ५९ पुरुष गरी कुल ७ सय ९३ जना मतदाता रहेका छन् । यो मतदान केन्द्रमा खटिएका मतदान अधिकृत व्याँस गाउँपालिकाका इन्जिनियर महेश्वरी धामी र सहायक निर्वाचन अधिकृतको रुपमा व्याँस गाउँपालिकाका अधिकृतसपना सिंह खटाइएको छ ।



**दुई मतदान केन्द्रका मतदाता 'नो' भोटका पक्षमा उभिए**

जिल्लाका दुई मतदान केन्द्रका मतदाताले ०८२ फागनु २१ गते हुने मतदानमा सहभागि नहुने निर्णय गरेका छन् । नौगाड गाउँपालिका-१ को गौरीशंकर आधारभूत विद्यालय नागुर अपिहिमाल गाउँपालिका३ को दुधिला आधारभूत विद्यालय झुस्कुका मतदाताले मतदान नगर्ने निर्णय गरेका हुन् । नागुबासीलाई अन्तिम सयममा सुदुरपश्चिम प्रदेश सरकारका मुख्य सचिव बैकुण्ठ अर्याल

नागु  पुगेर छलफल गरे पनि मतदाता मत हाल्न तयार भएनन् । नागु विकास संघर्ष समितिसँग छलफल गर्न धनगढीबाट नेपाली सेनाको हेलिकप्टर चढेर अर्याल बुधबार दिउँसो नागु पुगेका थिए ।

माघ १ गतेबाटै संघर्ष समिति बनाएर नो भोटका पक्षमा उभिएका नागुबासीले योपटकको निर्वाचनमा मतदान नगर्ने निर्णय यथावत राखेको संघर्ष समितिका संयोजक करनसिह डडालले बताउनुभयो । प्रदेश सरकारको उपस्थिति ढिला गरी आयो, उहाँले भन्नुभयो, आगामी बजेटमा सम्बोधन गर्ने आश्वासन दिए पनि जनताले पत्याउने अवस्था थिएन् । प्रदेश सरकारको तर्फबाट आएको प्रस्ताव ढिलो गरी आएको कारण जनतासँग छलफल गर्न पनि समय नभएको उहाँको भनाई छ ।

यसअघि नागुवासीलाई फकाउन माघ २४ गने प्रमुख जिल्ला अधिकारी अनिल पौडेल नेतृत्को टोली पुगेको थियो ।

निर्वाचन गराउन नागु पुगेको मतदान अधिकृत चन्द्रसिंह खातीले सर्वदलीय बैठकमा दलको प्रतिनिधि नआए पनि स्थानीयको सहभागितामा निर्वाचनको तयारी थालिएको थियो । बैठकमा सहभागिहरुले कोही व्यक्ति मतदान गर्न आए अवरोध नगर्ने सहमति गरेका छन् । तर जनता एकजुट भएका कारण मतदानमा सहभागि हुने अवस्था भने छैन् । नागुस्थित गौरीशंकर माध्यमिक विद्यालय मतदान केन्द्रमा ६०२ मतदाता रहेका छन् ।

यस्तै अपिहिमाल गाउँपालिका-३ का केही बस्तीका बासिन्दाले फागुन १५ गतेबाट नो भोट अभियान चलाएका छन् । ०७४ सालमा भएको वडा विभाजनले वडा नम्बर ३ का अधिकांश वस्तीलाई अपायक ठाउँमा वडा कार्यालय रहेको भन्दै वडा विभाजन नभएसम्म मतदान नगर्ने निर्णय गरेको स्थानीय कमलसिह रोकायाले जानकारी दिनुभयो ।

वडा विभाजनको मागसहित नो भोट अभियानमा उत्रिएका अपिहिमाल गाउँपालिका वडा नम्बर ३ अन्तर्गत दुधिला आधारभूत विद्यालयमा मतदान गर्ने मतदाताको पुन मतदान अधिकृत लगायतको उपस्थितिमा भएको बैठकमा समेत मतदान नगर्ने निर्णय गरिएको उहाँले बताउनुभयो । यो मतदान केन्द्र अन्तर्गत झुस्कु, चौड, छविस, भट्टार गाउँका मतदाताले भोट नहाल्ने निर्णय दोहो¥याएका हुन् । यो मतदान केन्द्रमा ३४६ जना मतदाता रहेका छन् ।

मौन अवधिको समयमा ०८२ फागुन २० गते मालिकार्जुन गाउँपालिकाको ु एम्बुलेन्समा खानेपानीुको पाइप शैल्यशिखर-६ पनेबाजबाट प्रहरीले  नियन्त्रणमा लिइएको छ । प्रहरीले एम्बुलेन्स चालक जयसिंह धामी र स्थानीय कल्यान सिंह धामी लाई सोधपुछ गरिरहेको

जानकारी छ। खानेपानीको १ क्वाइल (पाइप) र एम्बुलेन्स नियन्त्रणमा लिइएको बताएको छ ।

**बाजुरा**

**इन्सेक प्रतिनिधि पदमबहादुर सिंह**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बाजुराका सबै मतदान केन्द्रमा निर्वाचन सामग्री पुर्‍याएर मतदान स्थल निर्माण कार्य तीव्र बनाइएको छ।

जिल्ला निर्वाचन कार्यालय बाजुराका सूचना अधिकारी अंगत महतका अनुसार सोमबार र मंगलबारसम्म मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, सहयोगी कर्मचारी तथा स्वयंसेवकहरू सम्बन्धित मतदान केन्द्रमा पुगिसकेका छन्। जिल्लाभर ७७ वटा मतदान स्थल, एक अस्थायी मतदान स्थल र १ सय १८ मतदान केन्द्रमा तयारी अन्तिम चरणमा पुगेको उनले जानकारी दिए। बुधबार साँझसम्म सबै आवश्यक तयारी पूरा गरिने उनको भनाइ छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय बाजुराका अनुसार जिल्लामा कूल ७ सय ९ जना कर्मचारी खटाइएको छ। १ सय १८ वटै मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृतसहित बढीमा ६ जनासम्म कर्मचारी परिचालन गरिएको जनाइएको छ। सदरमुकाम मार्तडीस्थित डिभिजन वन कार्यालयमा अस्थायी मतदान स्थल तोकिएको छ, जहाँ ४ जना कर्मचारी खटाइने तयारी गरिएको छ।

जिल्लामा कूल ८७ हजार ८ सय ६१ मतदाता रहेका छन्। तीमध्ये ४५ हजार ४ सय २८ पुरुष, ४२ हजार ४ सय ३१ महिला र २ जना अन्य मतदाता छन्। एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको बाजुरामा ७ राजनीतिक दलका उम्मेदवारसहित १ स्वतन्त्र उम्मेदवार गरी ८ जना चुनावी प्रतिस्पर्धामा छन्।

मतदान फागुन २१ गते बिहान ७ बजेदेखि सुरु हुने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। जिल्लाभर शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा मतदान सम्पन्न गर्न प्रशासन तथा सुरक्षा निकायसमेत तयारी अवस्थामा रहेको बताइएको छ ।